जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १४ • २०८३ साल जेठ २० गते बुधबार (3 June, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## निलम्बित सांसद कुशवाहालाई कैद र जरिवाना



**टुडे समाचारदाता**

जनकपुरधाम । निलम्बित मधेश प्रदेशसभा सदस्य सरोज सिंह कुशवहालाई विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै कैद र जरिवाना तोकेको छ ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट, सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले प्रदेशसभा सदस्य कुशवाहालाई भ्रष्टाचार मुद्दामा चार वर्ष एक महिना कैद र ३८ लाख ५० हजार १३९ रुपैयाँ जरिवाना तोकेको छ । उनीसंग एक लाख ५४ हजार ५ रुपैयाँ क्षतिपूर्ति शुल्क असुल गर्न पनि भनेको छ ।

महोत्तरी क्षेत्र नम्बर ४ 'ख' बाट जनता समाजवादी पार्टी (जसपा) नेपालबाट निर्वाचित प्रदेश सभा सदस्यको रूपमा रहेका कुशावाहाले पदीय हैसियतलाई आधार बनाएर उपभोक्ता समितिहरूबाट कमिसनबाट ३८ लाख ५० हजार १३९ रूपैयाँ भ्रष्टाचार गरेको ठहर भएको छ ।

### सीमा विवादबारे भारतको जवाफ

# रास्वपा-भाजपाका शीर्षनेताबीच जेन-जी पुस्ताको भूमिकाप्रति चासो

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारत भ्रमणमा रहेका बेला भारतीय सरकारले प्रधानमन्त्री बालेन्द्र साहको नेपाल-भारत सीमाबारे दिएको अभिव्यक्तिप्रति आधिकारिक धारणा सार्वजनिक गरेको छ ।

भारतसंगको सीमा विवादबारे आइतबार प्रतिनिधिसभा बैठकमा दिएका दुवै अभिव्यक्तिमाथि भारतको विदेश मन्त्रालयले आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले मंगलबार आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा प्रधानमन्त्री बालेनका अभिव्यक्तिबारे सोधिएका प्रश्नको जबाफ दिँदै आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

प्रधानमन्त्री बालेनले लिपुलेक, लिम्पियाधुरा सीमा विवादबारे सांसदहरूको प्रश्नको जबाफ दिने क्रममा 'नेपालले पनि भारतको जग्गा मिचेको छ' भनेका थिए । संगसँगै, उनले यो पनि भनेका थिए, 'बेलायतले ब्रिटिस इन्डिया छाड्दै गर्दाको (सीमा) समस्या अहिलेसम्म हाम्रोमा रहेकाले यसबारे बेलायत सरकारले पनि सरोकार राख्नुपर्छ भन्ने नेपालको मान्यता छ ।'

भारतीय विदेश मन्त्रालयका प्रवक्ताले प्रधानमन्त्रीका यी दुवै अभिव्यक्तिको जबाफ दिएका छन् ।

नेपालले पनि भारतको जग्गा मिचेको सम्बन्धमा प्रवक्ताले भने, 'भारत-नेपाल सीमाबारे नेपालका प्रधानमन्त्रीको टिप्पणी, उनको बयान र सँगसँगै नेपालको विदेश (परराष्ट्र) मन्त्रालयको तर्फबाट जारी गरिएको वक्तव्य हामीले देख्यौं। भारत-नेपाल सीमाको लगभग ९८ प्रतिशत हिस्सा निर्धारित भइसकेको छ । तैपनि केही हिस्सामा केही समस्या छन्, जसलाई सुल्झाउन बाँकी छ ।'

समस्या सुल्झाउन बाँकी सीमा समस्याबारे जानकारी दिँदै प्रवक्ता जयसवालले अगाडि भने, 'गण्डक नदीको बहावमा परिवर्तन हुनुका कारण यो स्थिति उत्पन्न भएको हो । यस अतिरिक्त सीमाको निर्धारित हिस्सामा सीमापार कब्जा र 'नो म्यान्स ल्यान्ड' (दसगजा क्षेत्र) मा अतिक्रमणका घटना पनि छन्, जसलाई संयुक्त रूपमा मानचित्रण भइरहेको छ ।'

गण्डक नदीको बहाव परिवर्तनबारे भारतीय विदेश मन्त्रालयको जबाफ नवलपरासीको सुस्तासंग सम्बन्धित छ । उनले सीमासम्बन्धी सबै मामिला सुल्झाउन द्विपक्षीय संयन्त्र स्थापना गरेको पनि आफ्नो बयानमा उल्लेख गरे ।

उनले त्यसपछि प्रधानमन्त्री बालेनको अर्को अभिव्यक्तिबारे जबाफ दिएका थिए । भारतसंगको सीमा विवादमा बेलायतको सरोकार रहनुपर्छ भन्ने नेपाल सरकारको मान्यता रहेको बालेनको भनाइ थियो। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले यसबारे जबाफ दिँदा सिधै बेलायतको नाम लिएनन् । तर उनको जबाफले त्यसैतर्फ संकेत गरेको थियो ।

यता रास्वपाका सभापति रवि लामिछाने र भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनबीच भएको राजनीति भेटवार्ताको क्रममा राजनीतिमा 'जेन-जी' पुस्ताको बढ्दो भूमिका र सम्भावनाबारे विस्तृत छलफल भएको बताइन्छ ।

भाजपा मुख्यालयमा मंगलबार सभापति लामिछाने र अध्यक्ष नवीनबीच भएको भेटवार्तामा लोकतान्त्रिक सहभागिता, सार्वजनिक बहस तथा भावी नेतृत्व निर्माणमा युवा पुस्ताले खेल्न सक्ने भूमिकामाथि विचार आदानप्रदान भएको छ । भारत भ्रमणमा रहेका सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलले मंगलबार नयाँ दिल्लीस्थित भारतीय जनता पार्टी (भाजपा) मुख्यालयमा भाजपा राष्ट्रिय अध्यक्ष नवीनलगायत वरिष्ठ नेताहरूसंग भेटवार्ता गरेका छन् ।

प्रतिनिधिमण्डललाई स्वागत गर्दै अध्यक्ष नवीनले साझा सभ्यतागत विरासत, सांस्कृतिक सम्बन्ध तथा जनस्तरका सुदृढ सम्बन्धमा आधारित भारत-नेपालबीचको घनिष्ठ र ऐतिहासिक सम्बन्धबारे प्रकाश पारेका थिए । उनले यस्ता अन्तरक्रियाले लोकतान्त्रिक संवादलाई थप सुदृढ बनाउनुका साथै भाजपा र रास्वपाबीचको पार्टीगत सम्बन्धलाई अझ गहिरो बनाउन सहयोग पुग्ने बताउनुभएको भाजपाले जनाएको छ । अध्यक्ष नवीनले भाजपा पार्टीको यात्रा, विचारधारा, संगठनात्मक संरचना तथा जनमुखी राजनीतिक सहभागितासम्बन्धी दृष्टिकोणबारे जानकारी गराएका थिए ।

भेटवार्ताका क्रममा रास्वपा प्रतिनिधिमण्डलले भाजपा सदस्यता प्रक्रिया, उम्मेदवार छनोट प्रणाली तथा तल्लो तहका कार्यकर्ताको पहिचान र उनीहरूसंग सम्पर्क विस्तार गर्ने संयन्त्रबारे विशेष चासो व्यक्त गरेको थियो ।

यसका साथै अध्यक्ष नवीनले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा अवलम्बन गरिएको विकासमुखी सुशासन मोडेलबारे पनि चर्चा गर्दै विकास, सेवा, सुशासन तथा कल्याणकारी सेवा प्रवाह भाजपा सरकारको शासन प्रणाली र जनसम्पर्क रणनीतिको केन्द्रमा रहेको उल्लेख गरे । उक्त भेटवार्तामा अध्यक्ष नवीनसंगै भाजपा राष्ट्रिय महामन्त्री अरुण सिंह, सांसद सञ्जय जयसवाल, सांसद बाँसुरी स्वराज तथा भाजपा विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले पनि सहभागी थिए ।

रास्वपा प्रतिनिधिमण्डलले भाजपा मुख्यालयस्थित मिडिया सेन्टर तथा केन्द्रीय पुस्तकालयको समेत अवलोकन गरेका थिए ।

## सभापति लामिछाने र भारतीय गृहमन्त्री शाहबीच भेट

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको पाँचदिने भ्रमणमा रहेका रास्वपाका सभापति रवि लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलले भारतीय गृहमन्त्री अमित शाहसंग शिष्टाचार भेटवार्ता गरेको छ । उनीहरूबीच नयाँ दिल्लीमा मंगलबार भेटवार्ता भएको छ ।

भेटवार्ताका क्रममा नेपाल-भारतबीचको आपसी हित, दुई देशबीचको सुरक्षा चासो तथा सीमा क्षेत्रमा सर्वसाधारणले भोग्दै आएका समस्या र त्यसको समाधानका उपायबारे छलफल भएको बताइएको छ ।



यसअघि सभापति लामिछानेले भारतीय विदेशमन्त्री एस जयशंकर र सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) का शीर्षनेतृत्वहरुसंग पनि छुट्टाछुट्टै भेटवार्ता गरेका थिए ।

# प्रतिपक्षी दलद्वारा प्रदेश सभा अवरुद्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तु नीति तथा कार्यक्रमको संशोधन प्रस्तावमा छलफल भइरहेकै क्रममा प्रतिपक्षी दलहरुले मधेश प्रदेश सभाको बैठक अवरुद्ध गरेका छन् ।

संवैधानिक निकाय प्रदेश लोकसेवा आयोग र जनलोकपाल आयोगमा सरकारले मापदण्ड विपरित संवैधानिक निकायमा नियुक्त गरेको भन्दै प्रदेश सभा बैठक सुरु हुनासाथ प्रतिपक्षी दलहरुले सदन अवरोध गर्दै बैठक अवरोध खडा गर्दै अवरुद्ध गरेका छन् ।

प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी( जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले मापदण्ड विपरीत सरकारले जनलोकपाल आयोग र लोकसेवा आयोगमा प्रतिपक्षी दल र सभामुखलाई छलेर पुरानो मितिमा प्रदेश सदस्य नियुक्ति गरेको भन्दै विरोध गर्दै प्रदेश सभा अवरुद्ध गरेका थिए ।



उनीहरुले जनलोकपाल र लोकसेवा आयोगको सदस्यको नियुक्ति खारेजको माग गर्दै मुख्यमन्त्रीले माफी नमागेसम्म बैठक चल्न नदिने अडानमा प्रतिपक्षी दल रहेका छन् । जसपा नेपालका प्रदेश सभा सदस्य सञ्जयकुमार यादवले ऐन अनुसार जनलोकपाल आयोग र लोक सेवा आयोग कुनै पनि संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्ति प्रदेश सरकारका प्रतिनिधिसहित सभामुख र प्रतिपक्षी सम्मिलित समितिबाट गरिने ऐनमा व्यवस्था रहेको छ ।

उनले भने, "तर मुख्यमन्त्रीज्यूले प्रतिपक्षी दल र सभामुख समेतलाई छलेर गोप्य रुपमा पुरानो मितिमा जेठ ६ गते सदस्य नियुक्त गरियो । जसरी दुई आयोगमा सदस्य नियुक्ति गरिएको छ त्यसले प्रदेश र संघीयतालाई नै मिच्ने काम भएको छ ।"

संवैधानिक निकाय जनलोकपाल आयोगमा जनलोकपाल आयोगको सदस्यमा महोत्तरीको औरही नगरपालिका ७ का सञ्जीवकुमार झा, वडा ८ की कुमारी सुजाता विमल र लोक सेवा आयोगमा धनुषा सबैला नगरपालिका ३ का विमला यादवलाई सदस्य नियुक्ति गरिएको थियो ।

संघीयता कार्यान्वय र लोकतन्त्रमाथिको ठूलो आघात रहेकाले मुख्यमन्त्रीज्यूले माफी नमागेसम्म संसद चल्न नदिने भनी अवरोध गरेपछि दस मिनेटका लागि सभामुख रामआशिष यादवले बैठक स्थगित गरेका छन् ।

यसका साथै प्रतिपक्ष दलहरुले समानुपातिक रुपमा निर्वाचन क्षेत्रमा बजेट विनियोजन सँगै कुन आधारमा बजेट रकमान्तरको नाममा जथाभावी रकम वितरण गरिरहेको र सशर्त अनुदान रकम स्थानीय तहमा पठाइदैछ त्यसलाई स्पष्ट पारिदिन माग गरेका छन् ।

# वीरगञ्जका मेयर सिंह धरौटीमा रिहा

**टुडे समाचारदाता**

वीरगञ्ज । किर्ते नागरिकता तथा जालसाजी प्रकरणमा पक्राउ परेका वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहलाई पर्सा जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको छ । अदालतले लिखत सम्बन्धी कसुर मुद्दामा ४ लाख रुपैयाँ तथा भुटा विवरणका आधारमा नागरिकता लिएको आरोपसम्बन्धी मुद्दामा १५ हजार रुपैयाँ धरौटी माग गर्दैरिहा गर्न आदेश दिएको छ।

सोमबार न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले मेयर सिंहलाई दुई वटै कसुरमा धरौटीमा छाड्न आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी जयनारायण यादवले जानकारी दिए।

सूचना अधिकारी यादवले दिएको जानकारी अनुसार झुटा विवरण पेस गरी नागरिकता बनाएको कसुरमा १५ हजार रुपैयाँ र लिखत सम्बन्धी कसुरमा ४ लाख रुपैयाँ धरौटी माग भएको छ।



मेयर सिंहविरूद्ध जेठ ८ गते पक्राउ पुर्जी जारी भएको थियो । उनलाई प्रहरीले सोमबार बिहान पर्साको ठोरीबाट पक्राउ गरी अदालतमा पेश गरेको थियो ।

जिल्ला अदालतले लिखत सम्बन्धी मुद्दामा राजेशमान, सिन्धुपाल्चोकको इन्द्रावती नगरपालिकाकी रिता भट्टराई र वीरगञ्ज.महानगरपालिकाका वडा नम्बर ३ का तत्कालीन स्थानीय पञ्जिकाधिकारी भिखारी राय विरूद्ध पक्राउ पुर्जी जारी गरेको छ।

मेयर सिंहले रिता भट्टराईकी छोरी रुविना श्रेष्ठलाई छोरी बनाएर फर्जी जन्मदर्ताको आधारमा नागरिकता बनाएर लिखित सम्बन्धी कसूर गरेको आरोप छ। अर्काकी छोरीलाई आफ्नो भनी जन्मदर्ता गरेर नागरिकता, राहदानी बनाई विदेश पठाएको आरोप मेयर सिंहमाथि लागेको छ।

त्यही कसुरमा सिंहविरूद्ध पर्सा जिल्ला अदालतमा लिखतसम्बन्धी कसुर, झूटा विवरण पेस गरी नागरिकता र राहदानी बनाएको आरोपमा मुद्दा चलिरहेको छ। त्यसमध्ये नागरिकता लिखतसम्बन्धी कसुरको मुद्दामा अदालतले पक्राउ पुर्जी जारी गरेको थियो।

सो मुद्दामा मुलुकी अपराध संहिता २०७४ अनुसार किर्ते कागजको दफा २७६ को उपदफा १, २ र ३ (ग) बमोजिम सरकारी वा सार्वजनिक लिखत कसुर गर्नेलाई सात वर्षसम्म कैद र ७० हजार रूपैयाँसम्म जरिवाना माग दाबी गरिएको छ।



# हरिखेतान क्याम्पसः क्याम्पस प्रमुखमाथि कालोमोसो प्रकरणले थपियो तनाव

**टुडे समाचारदाता**



वीरगञ्ज । पर्साको वीरगञ्जस्थित हरिखेतान बहुमुखी क्याम्पसको सञ्चालक समिति सर्वसम्मत रूपमा पुनर्गठन गर्दै नयाँ नेतृत्व चयन गरिएको छ। जेठ १६ गते बसेको सञ्चालक समितिको बैठकले संस्थाको प्रशासनिक तथा शैक्षिक व्यवस्थापनलाई थप सुदृढ बनाउने उद्देश्यसहित नयाँ पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी बाँडफाँट गरेको हो ।

पुनर्गठित समितिको अध्यक्षमा डा. रामऔतार खेतान चयन भएका छन् भने उपाध्यक्षमा हरि प्रसाद गौतम र कोषाध्यक्षमा सुरेश कुमार रुंगटा नियुक्त भएका छन्। समितिका सदस्यहरूमा बेदबहादुर कार्की, श्रीमती बर्जित कौर तथा क्याम्पस प्रमुख किशोरी राय रहेका छन् । यस्तै, क्याम्पसको संस्थागत विकास र मार्गनिर्देशनका लागि जयप्रकाश खेतानलाई सल्लाहकारको जिम्मेवारी दिइएको छ।

विगत एक बर्ष देखि क्याम्पसमा देखिएको उच्छृंखल गतिविधिलाई साम्य बनाउँदै अध्यय अध्यापनलाई पुराना अवस्थामा पुर्याउन व्यवस्थापन समितिको पहिलो चुनौति रहेको बताइन्छ।

हरिखेतान क्याम्पसमा पछिल्लो एक वर्षदेखि सञ्चालक समिति, शिक्षक र कर्मचारीबीच व्यवस्थापन तथा नीतिगत विषयलाई लिएर विवाद चर्किँदै आएको छ। शिक्षक तथा कर्मचारी पक्षले क्याम्पसलाई निजीकरणतर्फ लैजान खोजिएको आरोप लगाउँदै आन्दोलन गरिरहेका छन् । स्थानीय बुद्धिजीवीहरूले शैक्षिक संस्थाभित्रका विवाद संवाद र कानुनी प्रक्रियामार्फत समाधान हुनुपर्ने बताएका छन् ।

# पारदर्शीतामा जोड दिँदै योजना संचालन द्रुत गतिमा

**दिलीप पाण्डे**




रौतहट । पर्यटन कार्यालय रौतहटकी कार्यालय प्रमुख बबिता जैसवालले पारदर्शिता र सुशासनलाई प्राथमिकतामा राख्दै योजनाहरू द्रुत गतिमा सञ्चालन गरिरहेको बताएकी छन् ।कार्यालय प्रमुख जैसवालले पर्यटन प्रवर्द्धनसँग सम्बन्धित योजनाहरू समयमै सम्पन्न गर्ने उद्देश्यका साथ कार्य अगाडि बढाइएको जानकारी दिइन् । उनले योजनाको कार्यान्वयन प्रक्रियामा पारदर्शिता कायम राख्दै काम अगाडि बढाइएको बताइन ।

अनावश्यक प्रशासनिक खर्च नियन्त्रणमा विशेषध्यान दिइएको उनले उल्लेख गरिन् । यस अघिका कार्यालय प्रमुख राजेश काफ्लेले योजना नै संचालन नभइकन कनटिजेन्सि खर्च सकाएको थियो । काफ्ले संगै अर्का कार्यालय प्रमुख कमलेश मिश्रले कार्यालयलाई आसेपासे भर्तीकेन्द्र बनाएको अबस्था थियो । काफ्लेले इन्धन शिर्षकमा १० लाख भन्दा बढि खर्च गरेर भुक्तानी नदिएको अबस्था रहेको छ ।दरबन्दी अनुसारको कार्यालय प्रमुख आए पछि यस्ता बिकृतिहरुको अन्त्य भएको देखिएको छ ।कार्यालय प्रमुख जैसवालका अनुसार सीमित स्रोत-साधनको अधिकतम उपयोग गर्दै पर्यटन क्षेत्रको विकास तथा पर्यटकीय गतिविधि विस्तार गर्ने लक्ष्यका साथ कार्यालय सक्रिय रूपमा अघि बढिरहेको छ ।

कार्यालयले चालु आर्थिक वर्षमा विभिन्न पर्यटन पूर्वाधार निर्माण, पर्यटकीय स्थल संरक्षण लगायतका कार्यक्रमलाई तीव्रता दिएको जनाएको छ । साथै सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउन आवश्यक सुधारका कार्यहरू समेत निरन्तर अगाडि बढाइएको कार्यालयले जनाएको छ।

# उन्नाइस लाख बढी मूल्यको फर्सीको बीउ बरामद



सिरहा । जिल्ला प्रहरी कार्यालय सिरहाले झन्डै साढे १९ लाख रूपैयाँ बराबरको अवैध फर्सीको बीउ बरामद गरेको छ। नेपालबाट भारततर्फ अवैध रूपमा निकासी गर्नका लागि लुकाइछिपाइ राखिएको अवस्थामा प्रहरीले उक्त परिमाणको बीउ बरामद गरेको हो।

विशेष गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको विशेष प्रहरी टोलीले सोमबार बेलुका बरियारपट्टी गाउँपालिका-२ बस्ने हरिदेव दासको घरमा छापा मारेको थियो । नीज दासको घरमा खानतलासी गर्दा घरको 'प्यासेज'मा लुकाइछिपाइ राखेको अवस्थामा प्रतिबोरा २८ हजार बजार मूल्य पर्ने कुल ७० बोरा फर्सीको बीउ (बियाँ) फेला परेको प्रहरीले जनाएको छ ।

बरामद गरिएको उक्त फर्सीको बीउको कुल मूल्याङ्कन रु १९ लाख ६० हजार रूपैयाँ कायम गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार बरामद सामानलाई आवश्यक कारबाहीका लागि आज भन्सार कार्यालय माडर, सिरहामा बुझाइएको छ। रासस

# वीरगञ्ज नाकाबाट करिब आठ अर्बको दलहन आयात

वीरगञ्ज । चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज नाका हुँदै सात अर्ब ९७ करोड बराबरको दलहन आयात भएको छ । यहाँबाट विभिन्न सात प्रकारका दलहन नेपाल आयात गरिएको हो ।



गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाकाबाट हुने आयातमा मूल्यको आधारमा दुई अर्ब २४ करोड अर्थात् २२ प्रतिशतले गिरावट आएको छ । जबकी गत आवको १० महिनामा यहाँबाट १० अर्ब २१ करोड मूल्यका दलहन आयात गरिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा मूल्यको आधारमा दलहनको आयात २२ प्रतिशतले कमी आएको बताउनुभयो । उहाँका यस अवधिमा रु तीन अर्ब २० करोड मूल्य पर्ने मुसुरोको दाल आयात भएकामा गत आवको १० महिनामा चार अर्ब ५० करोडको मुसुरो दाल आयात भएको थियो ।

यसैगरी, चालु आवका १० महिनामा दुई अर्ब चार करोड मूल्य पर्ने सिसी/राजमा आयात भएको छ । गत वर्ष सोही अवधिमा भने दुई अर्ब ७४ करोडको सिमी/राजमा आयात भएको थियो । चालु आवको १० महिनामा रु एक अर्ब ९२ करोड मूल्यको चना आयात भएको छ भने गत आवको सोही अवधिमा भने दुई अर्ब १७ करोडको आयात भएको थियो ।

चालु आवको १० महिनामा ४२ करोड मूल्यको अन्य गेडागुडी आयात भएको छ भने गत आवको सोही अवधिमा ४५ करोड ८८ लाखको आयात भएको सूचना अधिकारी विष्टले जानकारी दिनुभयो । रासस

# भारतसंगको सीमा विवादबारे प्रधानमन्त्री बालेनलाई प्रश्न

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले प्रधानमन्त्रीको हालैको अभिव्यक्तिप्रति टिप्पणी गरेका छन् ।

लुम्बिनीमा आयोजित पार्टीको नीति प्रतिष्ठानको प्रदेशस्तरीय कार्यक्रमको समापन समारोहमा बोल्दै उनले राष्ट्रियताजस्तो संवेदनशील विषयलाई आवेग र उत्तेजनाका आधारमा प्रस्तुत गर्नु उचित नभएको बताएका छन् ।

नेता शर्माले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने हाल भारतको दिल्लीमा रहेको सन्दर्भ उल्लेख गर्दै विगतमा टेलिभिजन कार्यक्रममा प्रस्तुत गरिएको नक्सा र अहिलेको धारणा बीचको अन्तरबारे पनि प्रश्न उठाए । 'रास्वपा सभापति आज दिल्लीमा हुनुन्छ, हिजो टिभी कार्यक्रम चलाउँदा आवेगसाथ राखेको नक्सा आज संयमसाथ सम्झिनुहुन्छ कि सम्झिनु हुन्न ?,' उनले सोधे,' राष्ट्रियताको प्रश्न आवेग, उत्तेजना र हलुका प्रस्तुतिको विषय हो कि गहन, ऐक्यवद्ध र शान्त कूटनीतिको प्रश्न ?'

प्रधानमन्त्रीको अभिव्यक्तिको आशय हिसाब बराबर भन्ने हो ? भन्ने प्रश्न पनि उनले गरे ।

प्रधानमन्त्रीको अभिव्यक्तिको आशय के हिसाब बराबर भन्ने हो ? हामीले पनि मिचेका कारण अब 'जे भयो, जसो भयो, सबै बिर्षेर अघि बढौंझ भन्ने हो ?,' उनले सोधे, 'नेपालले सीमा मिच्यो भनेर भारतले कहिल्यै भनेको छैन, देशको प्रधानमन्त्रीले आफैं हामीले सिमा मिचेका छौं भन्नु संसारमै नभएको घटना हो ।'

# रौतहटमा विद्यालयको भवन शिलान्यास

चन्द्रपुर । रौतहटको राजदेवी नगरपालिका गडहियामा गडहिया आधारभूत विद्यालय भवन निर्माण हुने भएको छ ।

भारत सरकारको रु दुई करोड ९६ लाख र राजदेवी नगरपालिकाको रु २० लाख गरी कूल तीन करोड १६ लाखको लागतमा उक्त भवन निर्माण हुन लागेको हो ।

भारत-नेपाल विकास सहकार्य कार्यक्रम सामुदायिक विकास परियोजना (एचआइसीडीपी) मार्फत मधेस प्रदेशमा विद्यालय, क्याम्पस, अस्पताल, स्वास्थ्य संस्था, सडक तथा अन्य आधारभूत पूर्वाधार निर्माणका परियोजन सञ्चालन हुँदै आएका छन् ।

आज गडहियामा भारतका महावाणिज्यदूत देवीसहाय मीनाले नयाँ निर्माण हुने विद्यालय भवनको शिलान्यास कार्यक्रममा राजदेवी नगरपालिकाका



नगरप्रमुख भिखारीराय यादवलाई पहिलो चरणको ६३ लाख १० हजार ३८६ चेक हस्तान्तरण गर्नुभयो ।

शिलान्यास समारोहमा महावाणिज्यदूत मीनाले भारत सरकारले हालसम्म मधेस प्रदेशमा २२८ एम्बुलेन्स र ४० विद्यालयका लागि आवश्यक नयाँ भवन निर्माण गरिदिएको जानकारी दिनुभयो । उहाँले विद्यालय भवन निर्माण सम्पन्न भएपछि विद्यार्थीले गुणस्तरीय शिक्षा पाउँछन् भन्ने विषयमा आफू ढुक्क रहेको बताउनुभयो ।

कार्यक्रममा राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारीराय यादवले छिमेकी मुलुक भारतको सहयोगमा विद्यालय भवन निमार्णले स्थानीय खुसी भएको बताउनुभयो । रासस

# विपक्षीको विरोधपछि प्रतिनिधिसभाको बैठक स्थगित

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रतिपक्षी दलहरुले लगातार विरोध जनाएपछि बैठक सोमबारसम्मका लागि स्थगित भएको छ । निर्धारित समयभन्दा तीन घण्टा ढिलो गरेर सुरु भएको बैठकमा प्रमुख प्रतिपक्षीलगायतका विपक्षी दलले राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताका विषयमा कुनै पनि सम्झौता हुन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्रीले आफ्नो धारणा फिर्ता लिनुपर्ने धारणा राखेका थिए ।

सभामुख डोलप्रसाद अर्यालले विपक्षी दलहरुलाई कार्यसूचीमा प्रवेश गरेर सहयोग गर्न पटकपटक आग्रह गर्नुभएको थियो । बजेटलगायतका महत्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भएकाले आसनग्रहण गरी बैठक सञ्चालनमा सहयोग गर्न उहाँले अनुरोध गर्नुभयो । विपक्षी दलका सांसदहरुले सभामुखको आग्रहलाई अस्वीकार गर्दै निरन्तर विरोध गरेपछि बैठक यही जेठ २५ गते सोमबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको छ ।

आजको बैठकमा सभामुख अर्यालले



राष्ट्रपति कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र पढेर सुनाउनुभयो ।

सअघि नेपाली कांग्रेसका सांसद अभिषेकप्रसाद साहले नेपाल-भारत सीमाका सम्बन्धमा प्रधानमन्त्री वालेन्द्र शाहले सदनमा राख्नुभएको धारणा पुष्टि गर्न आग्रह गर्नुभयो । उहाँले नेपाली कांग्रेसका तर्फबाट सो सम्बन्धमा सदनमा विरोध दर्ज गराइएको जानकारी दिनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले देशको सार्वभौमसत्ता, अखण्डता जोगाउने सम्बन्धमा सबै सांसदहरुको समान धारणा रहेको उल्लेख गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्बु ओलीले प्रधानमन्त्री व्यक्ति नभई संस्था भएकाले त्यस्तो निकायबाट गलत धारणा आउनु आफैमा ग्राह्य नभएको तर्क गर्नुभयो । देशको सीमा, सार्वभौमसत्ता, अखण्डताका विषयमा सम्झौता हुन नसक्ने उहाँको भनाइ थियो । नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले प्रधानमन्त्री राष्ट्रको अभिभावक भएकाले सीमाका सम्बन्धमा दिनुभएको वक्तव्य तथ्यमा आधारित हुनुपर्नेमा जोड दिनुभयो । आफूहरु संसद् सहज ढङ्गले चलोस् भन्नेमा प्रष्ट रहेको उल्लेख गर्दै उहाँले सो सम्बन्धमा सत्तापक्षको धारणा सार्वजनिक गर्न माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गणेशसिंह ठगुन्नाले सीमा विवाद र अतिक्रमणका विषय फरकफरक विषय भएको बताउनुभयो । देशको भौगोलिक अखण्डता र सार्वभौमसत्ताका विषयमा कोही कसैसँग सम्झौता हुन नसक्ने उहाँको भनाइ थियो ।

आजको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले 'आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूची थियो । यसैगरी सदनमा आव २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमााथि सामान्य छलफल प्रारम्भ गर्ने कार्यसूची थियो । रासस

# एमाले महासचिवको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले काठमाण्डुमा आवश्यक पर्दा कम्तीमा ५ हजार जनालाई चाहेको बेला उभ्याउन सक्ने आधार तयार गर्न



जनसंगठनका इन्चार्ज र अध्यक्षहरूलाई निर्देशन दिएका छन् । पार्टी केन्द्रीय कार्यालय च्यासलमा मंगलबार बसेको जनसंगठन समन्वय संयन्त्रको बैठकलाई सम्बोधन गर्दै उनले पार्टी र जनताबिचको सम्बन्ध थप सुदृढ बनाउन तथा संगठनलाई समुदायस्तरसम्म विस्तार गर्नुपर्नेमा जोड दिए ।

'जति बेला सङ्कट गहिरिन्छ, त्यति बेला कार्यकर्तालाई सम्पर्कमा राख्ने कुरा अझ महत्त्वपूर्ण हुन्छ । नेतृत्वको खुबी र क्षमता पनि सङ्कटमै देखिन्छ', महासचिव पोखरेलले भने, 'सङ्कटका बेला हतारमा गरिने निर्णयले दुर्घटनातर्फ पुऱ्याउन सक्छ । त्यसैले धैर्यता र एकता कायम राखेर अघि बढ्नुपर्छ ।'

पार्टीभित्र समस्या रहेको भन्दै उनले निराशा फैलाउनेभन्दा समाधान खोज्ने संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिए। पार्टीमाथि जनताको भरोसा र सम्बन्धलाई समग्र रूपमा विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याउँदै जनतासँगको सम्बन्धलाई निरन्तर बलियो बनाउन नसके संगठनात्मक चुनौतीहरू थप जटिल बन्न सक्ने उनको भनाइ छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | लामो समयदेखि रोकिएका धार्मिक वा मांगलिक कार्यहरु अगाडि बढ्नेछन् । |
| वृष : | आज चन्द्रमा अष्टम भावमा गोचर गर्ने भएकाले अलि सावधानी अपनाउनु पर्नेछ। |
| मिथुन : | दाम्पत्य जीवन सुखमय रहनेछ । |
| कर्कट : | तपाईको कार्यक्षमता र आत्मविश्वास उच्च रहनेछ । |
| सिंह : | बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ। |
| कन्या : | आमाकोस्वास्थ्यकोख्यालराख्नुहोला। |
| तुला : | आज तपाईको पराक्रम, हिम्मत र उत्साहमा वृद्धि हुनेछ । |
| वृश्चिक : | आर्थिक दृष्टिकोणले आजको दिन निकै उत्तम रहनेछ । |
| धनु : | सामाजिक मान-प्रतिष्ठा र सम्मानमा वृद्धि हुनेछ । |
| मकर : | आज चन्द्रमा द्वादश भावमा रहने भएकाले खर्चको मात्रा केही बढ्न सक्छ । |
| कुम्भ: | आम्दानीका विभिन्न स्रोतहरु फेला पर्नेछन् र आर्थिक स्थिति सुदृढ हुनेछ। |
| मीन: | कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग तथा लाभ मिल्ने दिन छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अदालतको फैसला यथाशीघ्र कार्यान्वयनमा जोड



काठमाण्डु । अदालतले गरेको आदेश/फैसला यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने विषयमा ध्यान दिनुपर्नेमा सरोकारवाला पक्षले जोड दिएका छन् । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले आज आयोजना गरेको छलफलका वक्ताहरूले अदालतको आदेश/फैसला तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् ।

सर्वोच्च अदालतका रजिष्ट्रार मानबहादुर कार्कीले फैसला कार्यान्वयनमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताउनुभयो । "सर्वोच्च अदालतले बोलेपछि आदेश/फैसलाको स्वतः कार्यान्वयन हुन्छ," उहाँले भन्नुभयो, "जिम्मेवार पदाधिकारीले अदालतको आदेश/फैसला देख्नै बित्तिकै कार्यान्वयन गर्ने तदरुकता देखाउनुपर्छ ।"

फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले अदालतले फैसला गर्ने वित्तिकै सम्बन्धित निकायमा पत्रचार गर्ने गरेको भएपनि तत्काल कार्यान्वयन गरिहाल्ने परिपाटी नभएको अनुभव सुनाउनुभयो । "स्वास्थ्यसम्बन्धी हक संविधानको मौलिक हकमै समेटिएको विषय हो, स्वतः पालना गर्नुपर्छ", उहाँले भन्नुभयो, "अदालतबाट फैसला हुँदा पनि कार्यान्वयनमा ढिलाई हुने अवस्था आउनु दुःखद् हो ।"

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नृपध्वज निरौलाले २०८१ मङ्सिर १७ गते गरेको फैसालामा मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण र सम्वर्द्धन गर्न १२ बुँदे निर्देशनात्मक आदेश जारी गरेको थियो ।

राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई परिमार्जन गर्दा मानसिक स्वास्थ्य शाखा स्थापना तथा स्थानीयस्तरमा जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयमा ईकाइ/सम्पर्क व्यक्ति यथाशक्य चाँडो नियुक्ति गरी कार्यसञ्चालन गर्नु/गराउनु भनिएको थियो ।

मानसिक स्वास्थ्यका क्षेत्रमा एतिहासिक फैसला भए पनि कार्यान्वयनमा तदारुकता नदेखिँदा मानसिक स्वास्थ्य सेवाको प्रतिक्षामा बसेकाहरूले प्रभावकारी रूपमा उपचार पाउन सकेका छैनन् । रासस

# अन्नपूर्ण हिमाल आरोहण दिवसमा दोर्दीमा पर्यटन प्रवर्द्धन कार्यक्रम



काठमाण्डु । ७६औँ अन्नपूर्ण हिमाल आरोहण दिवसका अवसरमा लमजुङको दोर्दी गाउँपालिकामा पर्यटन प्रवर्द्धन तथा अन्तर्क्रिया कार्यक्रम आयोजना हुने भएको छ । कार्यक्रम आगामी जेठ २० र २१ गते सञ्चालन हुने आयोजकले जनाएको छ ।

उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, दोर्दी गाउँपालिका तथा अन्नपूर्ण संरक्षण आयोजना (एसीएपी)को सहकार्यमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले कार्यक्रम आयोजना गर्न लागेको हो ।

आयोजकका अनुसार यस वर्षको कार्यक्रमले दोर्दी क्षेत्रका सम्भावनायुक्त नयाँ पदमार्ग तथा पर्यटकीय गन्तव्यलाई पर्यटन बजारमा स्थापित गर्न विशेष योगदान पुर्याउने अपेक्षा गरिएको छ । पछिल्ला वर्षहरूमा सडक विस्तार र बढ्दो व्यावसायीकरणका कारण केही स्थापित पदयात्रा मार्गहरूले आफ्नो मौलिकता गुमाउँदै गएका बेला दोर्दी क्षेत्रलाई प्रकृतिनजिकको, शान्त र वैकल्पिक पदयात्रा गन्तव्यका रूपमा अघि बढाउने लक्ष्य राखिएको छ ।

दोर्दी क्षेत्र प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन, मौलिक गुरुङ संस्कृति तथा कम व्यावसायिक हस्तक्षेपका कारण पदयात्रा पर्यटनको आकर्षक नयाँ गन्तव्य बन्न सक्ने सम्भावना बोकेको क्षेत्र हो । यस्ता कार्यक्रमले ओझेलमा रहेका गन्तव्यहरूको प्रचारप्रसार बढाउनुका साथै स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सृजना, सामुदायिक सहभागिता अभिवृद्धि तथा समुदायमा आधारित दिगो पर्यटन विकासमा महत्त्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीका अनुसार कार्यक्रमको मुख्य उद्देश्य दोर्दी क्षेत्रका पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन बजारमा प्रवर्द्धन गर्नुका साथै स्थानीय समुदायलाई पर्यटन गतिविधिसँग थप जोड्नु हो ।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार कार्यक्रममार्फत दोर्दी गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार, स्थानीय व्यवसायी तथा सरोकारवाला निकायसँग अन्तर्क्रिया तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा छलफल गरिनेछ ।

कार्यक्रमको पहिलो दिन सहभागीहरू पोखराबाट भोटेओडार हुँदै करिब तीन घण्टाको सवारी यात्रापछि मञ्जाङ ढोकेडाँडास्थित लक्ष्मी माध्यमिक विद्यालय पुग्नेछन् । त्यहाँबाट करिब ४० मिनेट पैदलयात्रा गर्दै लामागाउँ पुग्ने कार्यक्रम तय गरिएको छ । बाटोमा पर्ने दासडाँडामा सहभागीहरूलाई पञ्चेबाजासहित स्वागत गरिनेछ ।

सोही दिन ७६औँ अन्नपूर्ण आरोहण दिवस विशेष समारोह, पदमार्ग तथा पर्यटकीय गन्तव्य

आयोजकका अनुसार कार्यक्रमले दोर्दी गाउँपालिकाको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा उजागर गर्दै यस क्षेत्रलाई गण्डकी प्रदेशकै उदीयमान पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

प्रवर्द्धनसम्बन्धी औपचारिक सत्र, आरोही सम्मान कार्यक्रम तथा स्थानीय व्यवसायी र सरोकारवालासँग अन्तर्क्रिया आयोजना गरिनेछ । कार्यक्रममा जलवायु परिवर्तन, विश्वव्यापी तापक्रम वृद्धिले हिमाली पर्यटन र स्थानीय वातावरणमा पारेका प्रभाव तथा त्यसका चुनौतीबारे पनि छलफल हुने जनाइएको छ ।

सहभागीहरूले लामागाउँमा गुरुङ समुदायको मौलिक सांस्कृतिक प्रस्तुति अवलोकन गर्नेछन् । कार्यक्रम अवधिभर सहभागीहरूको खाना तथा आवासको व्यवस्था स्थानीय गुरुङ होमस्टेमा गरिएको छ । कार्यक्रमको दोस्रो दिन नेपाली झण्डा पार्क, चियाबारी, मौलाकोट क्षेत्र तथा स्थानीय गुम्बाहरूको अवलोकन तथा भ्रमण कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

आयोजकका अनुसार कार्यक्रमले दोर्दी गाउँपालिकाको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा उजागर गर्दै यस क्षेत्रलाई गण्डकी प्रदेशकै उदीयमान पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग र लुई लाशनालले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल सफलतापूर्वक आरोहण गरेका थिए । सोही दिनको सम्झनामा हरेक वर्ष अन्नपूर्ण आरोहण दिवस मनाइँदै आइएको छ । रासस

# सतर्कताको छड्के अनुगमन तीव्र




काठमाण्डु । राष्ट्रिय सतर्कता केन्द्रले मुलुकको सार्वजनिक प्रशासनलाई चुस्तदुरुस्त, प्रभावकारी र जवाफदेही बनाउने उद्देश्यले अनुगमन टोलीलाई थप सक्रिय बनाएको छ ।

सार्वजनिक संस्थाहरूमा हुने अनियमितता र भ्रष्टाचारजन्य कार्यको रोकथामका लागि आवश्यक छानबिन, अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषण गर्ने जिम्मेवारी पूरा गर्ने क्रममा कन्द्रले आफ्नो अनुगमन टोलीलाई थप सक्रिय बनाएको हो ।

केन्द्रका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टले वर्तमान सरकार गठन भएसँगै जारी भएको १०० बुँदे कार्यक्रममा उल्लेख भएबमोजिम मुलुकमा सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने क्रममा पछिल्ला दिनमा अनुगमनको कामलाई प्राथमिकता दिएको स्पष्ट गर्नुभयो ।

देशभरका सरकारी तथा अर्धसरकारी निकायसहित शैक्षिक प्रतिष्ठानहरूमा समेत अनुगमन गर्ने जिम्मेवारी रहेको सतर्कतासम्बद्ध टोलीले जेठ महिनामा दैनिक कम्तीमा १५ देखि २० वटा कार्यालय गई सङ्कलन गरेको विवरणका आधारमा नियम उल्लङ्घन गर्ने कर्मचारीलाई कारबाहीका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने गरेको प्रवक्ता भट्टले जानकारी दिनुभयो ।

अनुगमन टोलीलाई तोकिएको सार्वजनिक निकायमा पुगी त्यहाँ कार्यरत कर्मचारीको हाजिरी उपस्थितिसहित अनुशासन र उपयुक्त पोशाकसहित आफ्नो कार्यकक्षमा बसे, नबसेकोलगायतका विवरण सङ्कलन गरी प्राप्त कैफियतका आधारमा सच्चिनका लागि व्यवस्थापन पक्षलाई रायसुझाव दिने र सङ्कलित विवरण केन्द्रमा पेस गर्नुपर्ने जिम्मेवारी प्रदान गरिएको केन्द्रले जनाएको छ ।

केन्द्रको रणनीतिअनुसार पछिल्ला दिनमा 'छड्के' अनुगमनको कामलाई तीव्रता दिएको स्पष्ट गर्दै प्रवक्ता भट्टले भन्नुभयो, "नेपाल सरकारको नीति तथा कार्यक्रमबमोजिम देशभरका सार्वजनिक निकायहरूमा उच्च प्राथमिकतासाथ अनुगमनको काम भइरहेको छ । यसले सुशासन, पारदर्शिता र जवाफदेहितासहित जनमुखी र सेवाग्राहीमैत्री कामकाजमा सघाउ पुर्याउने छ । राष्ट्रसेवक कर्मचारीसहित सम्बद्ध सबै पक्ष र क्षेत्रबाट यस अभियानमा साथ सहयोग प्राप्त हुने विश्वास लिएका छौँ ।"

यसै सन्दर्भमा सतर्कता केन्द्रको टोलीले आज सिंहदरबार स्थित राष्ट्रिय समाचार समिति (रासस) केन्द्रीय कार्यालयमा छड्के अनुगमन गरी हाजिरी व्यवस्थापनको सन्दर्भमा कानुनमा नबाझिने गरी समाचार संस्थाको कार्यप्रकृतिअनुसार कार्यविधि बनाउन सुझाव दिएको छ ।

विभिन्न सिफ्टमा चौबीसै घण्टा काम गर्नुपर्ने र स्थलगत समाचार सङ्कलन गर्नुपर्ने 'रासस'जस्तो संस्थाले तोकिएको कार्यअवधि नघट्ने र कामकाजमा असर नपर्नेगरी व्यावहारिक पक्षलाई समेत दृष्टिगत गरी कार्यविधि बनाएर अघि बढ्न सो टोलीले सुझाव दिएको हो । रासस

# युनेस्को काठमाण्डुद्वारा थामेमा अभौतिक सम्पदाको सूचीकरण आरम्भ




काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) काठमाडौँले सोलुखुम्बूको खुम्बू पासाङल्हामु गाउँपालिका-५, थामेका अभौतिक सम्पदाको सूचीकरण आरम्भ गरेको छ ।

विसं २०८१ साउन ३२ गते त्यहाँ भएको हिमताल विस्फोटपश्चातको बाढीका कारण बस्ती र सम्पदा प्रभावित भएपछि युनेस्को काठमाडौँले परियोजना तर्जुमा गरेर विज्ञसहितको अध्ययन टोली थामेमा पठाएको थियो । समुदायको सहभागितामा गरिएको अध्ययनको निष्कर्षका आधारमा आज भक्तपुरको नगरकोटमा आयोजित छलफल कार्यक्रममा थामेमा सूचीकरणको प्रक्रियामा रहेका सांस्कृतिक सम्पदाहरुको जानकारी दिइएको हो । उक्त सूचीमा खानाका परिकारतर्फ आलु रोटी, सोर्किम, थो र रिल्दोम (आलुको परिकार) तथा चाडपर्व र रीतिरिवाजतर्फ मणि रिम्दु, दुम्जी, लोसार, छेचु, चिरिम र बिदाइको रितलगायत रहेको अध्येता डा नीलकमल चापागाईंले बताउनुभयो । उहाँले विस्तृत अध्ययन गर्दा उक्त सूची बढ्न सक्ने जनाउँदै थामेमा बस्ती विस्थापनसमेत हुन थालेकाले जीवन्त सांस्कृतिक सम्पदालाई संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा मन्त्रालयका सहसचिव डा सुरेशसुरज श्रेष्ठले युनेस्को मुख्यालयको नीतिलाई पालना गर्दै नेपाल सरकारले अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणको काम सुरु गरिसकेको जानकारी दिनुभयो । उहाँले सातै प्रदेशमा अभौतिक सम्पदा सूचीकरणको अभियान सञ्चालन गरेर आह्वान गर्दा गतवर्ष १०५ सम्पदा सूचीकरणका लागि आवेदन आएकामा अहिलेसम्म नेवार सुदायको योमरी परिकार सूचीकरणमा परेको बताउनुभयो । योरमरीलाई युनेस्कोको मार्गदर्शनअनुसार अन्तरराष्ट्रियस्तरमा सूचीकरणका लागि प्रक्रिया सुरु भएको उहाँले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००३ अक्टोबर १७ मा पारित गरेको अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धिलाई नेपालले सन् २०१० मा अनुमोदन गरेको थियो ।

कार्यक्रममा युनेस्कोका लागि नेपाल प्रतिनिधि याको डु तोइटले हिमाली क्षेत्रमा बसोवास गर्दै आएको शेर्पा समुदायलाई केन्द्रमा राखेर उक्त अध्ययन गरिएको छ ।रासस

# पाणिनि तपोभूमिलाई 'रण अम्बिका सेवा पुरस्कार' प्रदान



काठमाण्डु । रण अम्बिका शाह सेवा गुठीले पाणिनि तपोभूमि व्यवस्थापन, संरक्षण तथा संवर्द्धन समिति, अर्घाखाँचीलाई नगद 'रण-अम्बिका सेवा पुरस्कार' प्रदान गरेको छ ।

पाणिनि तपोभूमि व्यवस्थापन, संरक्षण तथा संवर्द्धन समितिका अध्यक्ष पुष्करराज पोखेल र समितिका अन्तरराष्ट्रिय संयोजक नेत्रबन्धु पोखेलले उक्त सम्मानपत्र तथा पुरस्कार ग्रहण गर्नुभयो ।

अन्तरराष्ट्रिय संयोजक नेत्रबन्धु पोखेलले पाणिनीय ज्ञान, पाणिनि तपोभूमिको ऐतिहासिक महत्व तथा यसको अन्तरराष्ट्रिय प्रचारप्रसारका लागि समितिले गरिरहेको अभियानबारे जानकारी गराउनुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि प्रा डा जयराज आचार्यले पाणिनि कृत व्याकरण विश्व भाषाविज्ञानको महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै पाणिनि तपोभूमिको संरक्षण र प्रवर्द्धनमा सबै पक्षको ध्यान जान आवश्यक रहेको बताउनुभयो ।

गुठीका अध्यक्ष डा योगीले पाणिनि तपोभूमिलाई महत्त्वपूर्ण विद्यातीर्थका रूपमा विकास गर्न सबैको सहकार्य र समभाव आवश्यक रहेकामा जोड दिनुभयो ।

त्यस अवसरमा स्वर्गीय काशीनाथ जोशीलाई मरणोपरान्त सम्मान प्रदान गरिएको थियो । साथै शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र सांस्कृतिक क्षेत्रमा योगदान पुर्याएका विभिन्न संस्था तथा व्यक्तित्वहरूलाई पनि सम्मान र पुरस्कृत गरिएको थियो ।

काठमाण्डुस्थित 'रण-अम्बिका सेवा गुठी समाजसेवी एवं झदानवीर' रणबहादुर शाह र उनकी धर्मपत्नी अम्बिका शाहले आफ्ना परिवारलाई समेत समेटेर स्थापना गरेको एक परोपकारी संस्था हो । रासस

# विश्व सम्पदा सूचीको पर्खाइमा दैलेखका देवल



दैलेख । १८ वर्षअघि अर्थात् सन् २००८ मा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले दैलेखको ऐतिहासिक एवं पुरातात्त्विक महत्वको पञ्चदेवललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि सिफारिस गऱ्यो । त्यो सिफारिसले दैलेखी जनता र समग्र कर्णालीवासीमा एउटा ठूलो आशा जगाएको थियो दैलेखको इतिहासले अब विश्व मञ्चमा विशिष्ट पहिचान पाउनेछ । तर, विगतमा सरकारी उदासीनता र कछुवा गतिको कार्यशैलीका कारण त्यो ऐतिहासिक सिफारिस लामो समयसम्म सिंहदरबारका अमूक फाइलमै थन्किरह्यो ।

अन्ततः १८ वर्ष लामो प्रतीक्षा र निराशापछि पुरातात्विक महत्वको यस पञ्चदेवललाई 'संरक्षित स्मारक क्षेत्र' बनाउने र विश्व सम्पदा सूचीको यात्रामा अगाडि बढाउने महाअभियानले वर्तमान सरकार गठनपछि भने प्रारम्भिक गति लिएको छ । पुरातत्व विभागले यस ऐतिहासिक सम्पदालाई विश्व सम्पदा सूचीमा पुऱ्याउनका लागि स्थलगत कार्य र सरोकारवालाहरूसँगको समन्वय प्रक्रिया अगाडि बढाएसँगै स्थानीयमा नयाँ उत्साह र आशाको सञ्चार भएको छ ।

दैलेख जिल्ला आफैँमा इतिहासको एउटा सजीव सङ्ग्रहालय हो, जसलाई इतिहासका पानाहरूमा 'देवलहरूको जिल्ला' भनेर चिनिन्छ । यहाँ देवलहरू नभएको सायदै कुनै पालिका, वडा वा टोल होला । जिल्लाका कुना-काप्चा, डाँडा-काँडा र बस्तीहरूमा इतिहासको जीवन्त भारी आफ्नो छातीमा बोकेर हजारौँ वर्षदेखि यी देवलहरू ठिङ्ग उभिएका छन् । ११औँ देखि १४औँ शताब्दीतिर कलात्मक ढुङ्गैढुङ्गा मात्रै खियाएर, विना कुनै मसला निर्माण गरिएका यी देवलहरू दैलेखका विभिन्न स्थानमा छरिएर रहेका छन् ।

इतिहास र संस्कृतिका अध्येता प्राध्यापक नरेन्द्र आचार्यका अनुसार यी देवलहरू पाण्डवहरूको पालामा निर्माण गरिएको भन्ने बलियो लोकबुझाइ र जनश्रुति आज पनि स्थानीय जनमानसमा उत्तिकै ताजा छ । वास्तुकलाको दृष्टिकोणले हेर्ने हो भने शिखर शैलीमा निर्माण गरिएका यी देवलहरू तत्कालीन खसकालीन वास्तुकला र सिंजा सभ्यताका जीवित इतिहास हुन्, जसले नेपालको प्राचीन गौरव र समृद्ध शिल्पकारितालाई दर्साउँछन् ।

गौरवमय इतिहासको यति ठूलो भारी बोकेका दैलेखका हजारौँ देवलहरू आज अस्तित्व रक्षाका लागि छटपटाइरहेका छन् र तिनले राज्यसँग संरक्षणको भीख मागिरहे झैँ लाग्दछ । उचित रेखदेख र मर्मत-सम्भारको अभावमा यी अमूल्य निधिहरू दिनानुदिन जीर्ण बन्दै गइरहेका छन् । यसको एउटा टड्कारो र ताजा उदाहरण नारायण नगरपालिका-६ भूर्तिको पञ्चदेवल क्षेत्र नै हो । विगतमा २५ वटा देवलहरूको बलियो अस्तित्व रहेको यस क्षेत्रमा हाल २२ वटा देवल मात्रै जेनतेन उभिएर आफ्नो अस्तित्वको अन्तिम लडाइँ लडिरहेका छन् भने बाँकी तीन वटा देवल पूर्णरूपमा भग्नावशेषमा परिणत भइसकेका छन् ।

स्थानीय बासिन्दाका अनुसार यो ऐतिहासिकस्थल हेर्न दैनिक रूपमा सयौँ आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गरेका छन् तर पर्यटकीय सम्भावना प्रचुर भएता पनि भौतिक पूर्वाधारको अवस्था भने दयनीय छ । देवलको वरिपरि गरिएका घेराबारहरू भत्किएका छन् भने कतिपय बहुमूल्य ऐतिहासिक ढुङ्गाहरू यत्रतत्र फालिएको अवस्थामा भेटिन्छन् । यसले स्थानीय बासिन्दामा पनि यो सम्पदाको मूल्य र यसको संरक्षण कसरी गर्ने भन्नेबारे सचेतना र अभिमुखीकरणको टड्कारो आवश्यकता रहेको देखाउँछ ।

लामो समयको मौनतापछि पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग नेतृत्वको टोली दैलेखको भूर्तिको स्थलगत अवलोकनका लागि आइपुग्दा भने केही आशा पलाएको छ । टोलीले त्यहाँ रहेका ऐतिहासिक देवलहरूको प्रत्यक्ष निरीक्षण मात्र गरेन, स्थानीय सरकार, जिल्ला प्रशासन, सुरक्षा निकाय, सरोकारवाला र स्थानीय जानकारहरूसँग सम्पदाको थप संरक्षण र प्रवर्द्धनबारे बृहत् अन्तरक्रियासमेत गऱ्यो ।

अवलोकनका क्रममा महानिर्देशक प्रधानाङ्गले भूर्तिका देवलहरू नेपालकै महत्त्वपूर्ण सम्पदाहरूमध्ये पहिलो सूचीमा पर्ने र एकै ठाउँमा फरक-फरक प्रकृति र स्वरुपमा बनेका यी देवलहरू हजारौँ वर्षदेखि सुरक्षित रहनु आफैँमा अनौठो र गौरवपूर्ण कुरा भएको बताउनुभयो । उहाँले पहिलो चरणको छलफल सकिएको जानकारी दिँदै अब यस क्षेत्रलाई 'संरक्षित स्मारक क्षेत्र' निर्धारण गर्ने तीनवटै तहका सरकारसँग समन्वय गरी विस्तृत अध्ययन, नक्साङ्कन र संरक्षणका कार्यहरू निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यद्यपि, केन्द्रीय नीति र स्थानीय तहको व्यावहारिक धरातलबीच अझै पनि केही असमझदारी र आक्रोश बाँकी नै छ । नारायण नगरपालिकाका नगर प्रमुख लोमन शर्माले सम्पदा संरक्षणमा स्थानीय सरकार पूर्ण सजग रहेको र पालिकाले पञ्चदेवलको थप संरक्षण र विकासका लागि आफ्नै स्रोतबाट जग्गा खरिद गरेर अभियानको थालनी गरिसकेको बताउनुभयो । तर, केन्द्रीय नीतिका कारण स्थानीय सरकारले हातखुट्टा बाँधिएको महसुस गरेको उहाँको दुखेसो छ ।

ऐतिहासिक सम्पदाको मुख्य संरक्षण र पुनःनिर्माण गर्ने कानुनी जिम्मा केन्द्र सरकारको भए पनि केन्द्रले समयमा ध्यान नदिँदा हरेक पटक स्थानीय सरकारले जनताको गाली खानुपर्ने अवस्था सिर्जना भएको उहाँको भनाइ छ । ढिलै भए पनि विभागले धेरै वर्षपछि यो अभियान थालेकोमा खुसी व्यक्त गर्दै उहाँले यसमा स्थानीय सरकारको पूर्ण सहयोग रहने स्पष्ट पार्नुभयो । रासस

**जानकी केवल इण्डस्ट्री लि.**

**क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४, धनुषा**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३।०२।१७ गते बसेको बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम देहायको मिति, समय र स्थानमा विशेष साधारण सभा आयोजना गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइन्छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान:**

**मिति** : २०८३ साल असार २ गते

**समय** : दिनको ११:०० बजे


**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ४, धनुषा

**सभाका कार्यसूचीहरू:**

१. एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा ।
२. कम्पनीको पूँजी वृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रवन्धपत्रको दफा ६(घ) संशोधन गर्ने सम्बन्धमा ।
४. विविध ।

उक्त सभामा उपस्थित भई आफ्नो महत्वपूर्ण सहभागिता जनाइदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**आज्ञाले,**
**कम्पनी सचिव**
**जानकी केवल इण्डस्ट्री लि**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

# लोपोन्मुख पादप्रक्षालन सर : मिथिलाको संस्कार, सभ्यता र अस्तित्वको प्रतीक



प्रफुल्ल घिमिरे

त्रेता युग संग सम्बन्ध गाँसिएको पौराणिक एतिहासिक पुरातात्विक धार्मिक सांस्कृतिक महत्व बोकेको स्वच्छ पवित्र तिर्थस्थलिय तलाउ "पादप्रक्षालण सर " जनकपुर धामको अमूल्य सम्पदा हो।

जब भगवान श्रीरामको -भाइहरु ( लक्ष्मण -भरत-शत्रुघ्न ) ,राजा दशरथ , महर्षी विश्वामित्र र बरातिहरुका साथ जनकपुर धाममा आगमन भयो तब राजा जनकले वैदिक मंत्रोच्चार का बिच स्वागत गरेका थिए। सनातन विवाह पद्धतिको अनुसार दुल्हालाई नारायणको रूपमा मानिने गरिन्छ। राजा जनकले महर्षी वशिष्ठ र विश्वामित्रको आज्ञा मार्गदर्शनमा अथितिहरुको सत्कार गर्दछन । र पूर्ण श्रद्धा र राजोचित सम्मानको साथ आसान प्रदान गरेर शास्त्र -सम्मत विधिले चरण धुन्छन।

शास्त्र तथा लोक कथाहरुको अनुसार पाद प्रक्षालणको समय राजा जनकको साथ उनकी पत्नी सुनयना पनि उपस्थिति थिइन।

राजा जनकद्वारा सुनको थालमा जल लिएर प्रभु श्रीरामको कोमल चरणलाई एउटा सुनको पात्रमा राखियो। र राजा जनकले आफ्नो हाथबाट जल, दूध,दहि, शहद र घि ( पंचामृत) बाट श्रीरामको चरण धोएर चराणामृतलाई स्वंय अत्यन्त सौभाग्य मानेर निधारमा लगाउदछन र पूरै परिवारमा छिटछन ।

लोक मान्याताहरुको अनुसार प्रभू श्रीरामको अलौकिक सौन्दर्य र विदेह भावलाइ देखेर राजा जनक यति भावविह्वल भए कि उनको नेत्रबाट बहेका प्रेमाश्रुले पनि प्रभुको चरण धोइ दिएको थियो।

आज पनि सम्पुर्ण मिथिलांचलमा वैवाहिक कार्यक्रममा " पाउ धुने " ( पाद प्रक्षालण ) गर्ने जुन परम्परा निभाउने गरिन्छ , यसको मूल स्रोत यही प्रसंग संग जोडिएको छ । राजा जनकले एउटा राजा हुँदा पनि मर्यादा र संस्कारलाई माथी राखेर ज्वाइको रुपमा आएका नारायणको पाउ धोएर आफ्नो पुत्री सीतालाई कन्यादान गरे।

त्रेतायुगको यस पावन घटनाको सम्झनामा आज पनि हरेक वर्ष मार्ग शुक्ल पञ्चमिमा जनकपुर धाम मा विवाह पञ्चमी महोत्सव अत्यन्त धूमधामबाट मनाउने गरिन्छ। यस दौरान अयोध्याबाट आउने प्रतीक बरातिहरुलाई स्वागत ठिक त्यसै प्रकार गर्ने गरिछ र प्रतीकात्मक रुपमा रहेका श्रीराम सीताको पाद प्रक्षालणको विधि दोहराउने गरिन्छ।

श्री बृहद विष्णु पुराणोत्त श्री मिथिला महात्म्यमा समेत उद्धृत रहेको जनकपुर धामको ७२ कुण्ड मध्येको अत्यन्तै महत्वपूर्ण धार्मिक सांस्कृतिक तलाउ "पाद प्रक्षालण" हो। उक्त शास्त्रमा उल्लेख भए अनुसार मार्ग महिनामा स्नान गर्दा विशेष फल प्राप्त हुन्छ भनेर भनिएको छ। मार्ग शुक्ल पञ्चमिका दिन नै माता सीता र रामको विवाह भएको थियो।

धार्मिक तथा लोक मान्यता अनुसार भगवान श्रीराम -लक्ष्मण -भरत-शत्रुधण राजा दशरथ - कुल गुरु विस्वामित्रका साथ वैवाहिक कार्यक्रमकालागी राजर्षी - महर्षि सिरध्वज जनकको दर्वार आउँदा उनिहरुको राजा जनकले (पाद प्रक्षालण) पाउ धोएका थिए। यसै स्थानमा पाद प्रक्षालण गर्दा तलाउको सिर्जना भयो। पाद प्रक्षालण गर्दा सृजना भएकोले यस तलाउलाई " पाद प्रक्षालण" सर भनिएको हो।

मिथिलावासी स्वयंलाई राजा जनक र माता सीताको परंमपराको वंशज मान्दछन । जबकी राजा जनकले मर्यादा पुरुषोत्तम श्रीराम लगायत अन्य मान्यजनको चरण धोएका थिए, यसै गौरवमयी लोक परंम्परालाई जीवित राख्नका लागि आज पनि प्रत्येक मैथिल परिवार विवाहमा यस पद्धतिलाई अक्षरश पालन गर्दथे।

मैथिली सभ्यताको वैवाहिक पद्धतिसंग गाँसिन पुगेको पादप्रक्षालण विधि र जुन विधि राजा जनकले आफ्ना छोरिको कन्यादान गर्नु पूर्व बेहुला तथा अथितिहरुको सम्मानका साथ पाद प्रक्षालण गरेका थिए। राजा जनकले उक्त विधि गर्दा सृजित हुन गएको पाद प्राक्षालण सर (पोखरी ) त्रेता युग संग - राजर्षी जनकसंग- भगवान श्रीरामसंग- महर्षी वशिष्ठ -विश्वामित्र लगायतका महान व्यक्तित्वहरुसंग साक्षत सम्बन्ध रहेको त्रेता युगको चिनारी हो। धार्मिक सांस्कृतिक महत्वको निशानी हो। मिथिला वैवाहिक पद्धतिमा पाद प्राक्षालण गर्ने परम्परासंग जोडिन पुगेका कथाको साक्षात प्रमाण हो।

तथापि परापुर्व कालमा यो क्षेत्र अतयन्तै रमणीय आनन्द दायक मन मोहित शान्त सुन्दर रहेको थियो । ऋृषि- मुनिहरुको सिद्ध स्थल तपोभूमी थियो।

समयका अन्तरालसंगै संरचनाहरु मुल्य मान्यताहरु पनी रुपान्तरण हुँदै गयो । यसै क्रममा समय कै प्रवाहमा तलाउको चारैतर्फका डिलमा फल फुलका बोट विरुवा लगायत अन्य प्रजातिका बन बगैचाले सुसज्जित सुशोभित रमणीय शान्त सिद्ध तपोभूमीको रुपमा रहेको थियो।

यसै तपोभूमिमा लगभग चार सय वर्ष पुर्व भारतको गुजरात राज्यको जूनागढ जिल्ला स्थित गिरनार पर्वतबाट सिद्ध पुरुष योगि सम्प्रदायका संत महायोगी राम गिरि जनकपुर धाम आएका थिए। यिनले यहि पादप्रक्षालन सरको उत्तर तर्फ रहेको बनमा अवस्थित वरको रुखमुनी खन्ती गाडेर धुनी जगाएर साधनामा लिन हुने गर्थे । योगि सम्प्रदायका यिनले अलौकिक अध्यात्मिक गरिमाले त्रेता युगसंग सम्बन्ध गाँसिएको पवित्र यस स्थानमा श्रीमहाकालेश्वर नाथ र श्री गौरीशंकर नाथ महादेवको तन्त्र विधाद्वारा सिर्जना गरेर भक्तिभावमा लिन रहन्थे। केही समय पश्चात् यस स्थान गिरनारी कुटि सन्यास आश्रमको रुपमा प्रख्यात हुन पुग्यो। यस पवित्र स्वच्छ तलाउको जलबाट नै द्रव महादेवको शिवलिङ्गमा जलाभिषेख हुने गर्थ्यो। नैवेद -भोजन भण्डारा पनि यहि पवित्र जलबाट गरिने गरिथ्यो। जन शुन्य शान्त तपोवनमा ऋृषि मुनिका आगमन हुन थाल्यो। बनमा स-साना कुटिहरु थिए। यस गिरनारी कुटि आश्रममा गुरुशिष्य परम्परा अनुसार धेरै समयको कलान्तरमा रवि गिरि महन्त भए। यिनका एक शिष्य वीर गिरि थिए। यस आश्रममा सेन वंशिय राजा एवं श्री ३ सरकार बाट जग्गा प्रदान गरिएको थियो। लोभिपापिहरुद्वारा बहुमूल्य यस मन्दिरका सम्पत्ति -जग्गा हड्पन यी दुवैलाई हत्या गरेर सन्दुकमा राखिदिएका थिए। मन्दिरमा दशकौं सम्म ताला लाग्न पुग्यो । मुद्दा मुकदमा भए। कोहि समातिए , न्यायलयबाट छुटे। सारा कुरा बिस्तारै विस्तारै सेलाउदै गयो। निजि गुठीको रुपमा रहेको यस आश्रमलाई गुठी संस्थाले पुर्ण रुपमा आफ्नो हातमा लियो। मन्दिरको अन्तर्गत रहेको सारा सम्पत्ति जग्गा जमिन पाद प्राक्षालण सर समेत आफ्नो स्वामित्वमा लियो। जग्गा जमिन बेच्न थाल्यो। अन्तगृह परिक्रमा क्षेत्रमा पोखरी तलाउहरुमा माछा मार्न निषेध रहेकोमा धर्म रक्षाका स्थापित संस्थाले माछा पाल्न ठेक्का दिन थाल्यो। सारा रकम हड्पने गुठी संस्था यी धार्मिक सांस्कृतिक महत्वको पोखरीलाई गुठी संस्थाका कर्मचारीहरुको मिलिमतोमा पोखरी व्यापक रुपमा अतिक्रमण हुँदै गएको छ।

पादप्रक्षालण सरको पुर्व तर्फको डिलको अध्यन गर्दा पुर्वतर्फ सिद्ध पुरुष संत शिव चैतन्यका आश्रम थियो। उनका शिष्य दुर्गा चैतन्य ब्रह्मम्चारिले दुर्गा चैतन्य वेद पाठशाला सञ्चालन गरेका थिए । उक्त गुरुकुलमा देशविदेशका विधार्थिहरु अध्यन गर्न आउथे । त्यही स्थानमा वेद पाठशाला - आवास -भोजन गृहहरु अवस्थित थिए। हनुमानजिको मन्दिर, इनार बन बगैंचा अवस्थित थिए। पुर्व तर्फ रहेको घाटमा स्नान लगायत भोजन सामग्री उक्त तलाउका जलले नै जिवनका दैनीक कर्ममा प्रयोग गरिन्थ्यो । तलाउका जल स्वच्छ पवित्र थियो।

मिथिलाको राजधानीका रूपमा परिचित जनकपुरधाम मठ-मन्दिरको नगर, संस्कार, सभ्यता, सरोवर र सनातन सांस्कृतिक जीवनशैलीको जीवित संग्रहालय हो । यहाँका प्रत्येक कुण्ड, सर, पोखरी, कुटी र परिक्रमा क्षेत्रले त्रेता युगदेखि आजसम्मको धार्मिक-सांस्कृतिक इतिहास बोकेका छन् । तर विडम्बना, आधुनिकताको नाममा यही ऐतिहासिक धरोहर क्रमशः अतिक्रमण, प्रदूषण र सरकारी उपेक्षाको सिकार बन्दै गइरहेका छन् । यस्तै ओझेलमा पर्दै गएको महत्वपूर्ण धार्मिक-सांस्कृतिक सम्पदामध्ये एक हो "पादप्रक्षालन सर", जसलाई स्थानीय रूपमा "गोडधोइ पोखरी" समेत भनिन्छ ।




पादप्रक्षालन सर जनकपुर उपमहानगरपालिका वडा नं. ६ मा अवस्थित धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पौराणिक महत्व बोकेको सरोवर हो । यो पोखरी श्रीराम जानकी पेठिया बजारको दक्षिण , गिरनारी कुटी सन्यास आश्रम अन्तर्गत रहेको श्रीमहाकालेश्वर गौरिशंकर नाथ मन्दिर को उत्तर तथा दूरसञ्चार कार्यालयको पूर्वमा अवस्थित रहेको छ । करिब एक बिगाहा उन्नाइस कठ्ठा सात धुर एक कन क्षेत्रफलमा फैलिएको आयताकार स्वरूपको यो तलाउ जनकपुरधामका ७२ कुण्डमध्ये धार्मिक आस्थाको दृष्टिले अत्यन्त महत्वपूर्ण तीर्थस्थल मानिन्छ ।

"पादप्रक्षालन" शब्द संस्कृत भाषाबाट बनेको हो । "पाद" अर्थात् खुट्टा र "प्रक्षालन" अर्थात् धुने वा शुद्ध गर्ने । त्यसैले पादप्रक्षालन भन्नाले आदर, श्रद्धा र सम्मानका साथ कसैको चरण धोइ सम्मान प्रकट गर्ने सनातन धार्मिक-सांस्कृतिक विधिलाई बुझिन्छ । वैदिक सभ्यतामा अतिथिलाई देवताको रूपमा मान्ने "अतिथि देवो भवः" को भावनासहित आगन्तुकको चरण धोएर स्वागत गर्ने परम्परा थियो । मिथिला संस्कृतिमा यो परम्परा अझै पनि विवाह संस्कारमा जीवित छ, जहाँ बेहुलाको पाउ धुने चलनलाई अत्यन्त सम्मानका साथ पालन गरिन्छ । पौराणिक मान्यता अनुसार त्रेता युगमा भगवान श्रीराम आफ्ना भाइहरू सहित विवाहका लागि जनकपुरधाम आगमन हुँदा राजर्षि जनकले यही स्थलमा भगवान श्रीरामको पादप्रक्षालन गरेका थिए भन्ने श्रुति पाइन्छ । यही घटनासँग मिथिलाको वैवाहिक संस्कार गाँसिएको विश्वास गरिन्छ । त्यसैले यो पोखरी केवल जलाशय मात्र होइन, मिथिला सभ्यताको जीवित प्रतीक, विवाह संस्कारको उद्गमस्थल र श्रद्धा-संस्कारको ऐतिहासिक धरोहर पनि हो ।

सनातन धर्मग्रन्थहरूमा चरणलाई पवित्रताको प्रतीक मानिएको छ । भगवान विष्णुका चरणोदक, गुरुका चरणामृत, सन्त-महात्माका पादोदकलाई पुण्यदायी मान्ने धार्मिक विश्वासले पादप्रक्षालन परम्परालाई अझ उच्च स्थान दिएको छ । विष्णु पुराण अन्तर्गत उद्धृत मिथिला महात्म्यमा मङ्सिर महिनामा यस सरोवरमा स्नान गर्नाले विशेष पुण्य प्राप्त हुने उल्लेख पाइन्छ । यसले यो स्थलको धार्मिक महत्ता अझ प्रस्ट पार्दछ ।

तर आज यही पौराणिक सरोवर अस्तित्व संकटमा पुगेको छ । २०४२-०४४ को शहरी नापी अनुसार १ बिगाहा १९ कठ्ठा ७ धुर १ कन क्षेत्रफल रहेको यो पोखरी २०६२ सालसम्म आइपुग्दा अतिक्रमणका कारण घटेर १ बिगाहा १६ कठ्ठा १६ धुरमा सीमित हुन पुगेको तथ्य अत्यन्त दुःखद छ । पोखरीका डिलहरू क्रमशः मासिँदै गएका छन् । पश्चिम-उत्तर दिशाबाट तीव्र अतिक्रमण भइरहेको छ भने पूर्वी डिलको उत्तरी भाग सडकका रूपमा प्रयोग गरिएको छ । दक्षिण-पूर्वतर्फ रहेको ऐतिहासिक घाट जीर्ण-शीर्ण अवस्थामा पुगेर अस्तित्वविहीन बन्दै गएको छ । अझ दुःखद कुरा, वडा कार्यालय निर्माणले घाटलाई ओझेलमा पार्ने काम गरेको देखिन्छ ।

पोखरी वरिपरि अव्यवस्थित बसोबास, फोहोरमैला फाल्ने प्रवृत्ति, ढल मिसाउने कार्य र पोखरी पुर्ने गतिविधिले यसको जलक्षेत्र दिनप्रतिदिन साँघुरो बन्दै गएको छ । जसरी मिथिलाका अन्य ऐतिहासिक पोखरीहरू क्रमशः हराउँदै गएका छन्, त्यही नियति पादप्रक्षालन सरले पनि भोगिरहेको छ । धार्मिक आस्था बोकेको तीर्थस्थलमाथि भइरहेको यस्तो उपेक्षा केवल वातावरणीय विनाश मात्र होइन, यो हाम्रो सभ्यता, संस्कृति र इतिहासमाथिको प्रहार पनि हो ।

वास्तवमा जनकपुरधामका पोखरीहरू केवल पानी जम्मा हुने स्थान होइनन् । यी शहरको प्राकृतिक जलनिकास प्रणाली, भू-जल संरक्षण, वातावरणीय सन्तुलन, जैविक विविधता र धार्मिक पर्यटनका आधार हुन् । पोखरीहरू नष्ट हुँदा जनकपुरधामको पर्यावरणीय सन्तुलन बिग्रँदै गएको छ । वर्षायाममा डुबान, गर्मीयाममा पानीको सतह घट्ने समस्या, तापक्रम वृद्धि तथा फोहोर व्यवस्थापनको संकट यसैसँग जोडिएका विषय हुन् ।

यदि व्यवस्थित संरक्षण गर्न सकिने हो भने पादप्रक्षालन सर धार्मिक पर्यटनको अत्यन्त आकर्षक गन्तव्य बन्न सक्छ । जानकी मन्दिर आउने लाखौं श्रद्धालु र पर्यटकका लागि यो स्थल राम-जानकी विवाह परम्परासँग जोडिएको सांस्कृतिक पर्यटन केन्द्र बन्ने सम्भावना राख्छ । यहाँ धार्मिक उद्यान, मिथिला वैवाहिक संस्कार झल्किने संरचना, घाट पुनर्निर्माण, सौन्दर्यीकरण, दीपोत्सव, सांस्कृतिक महोत्सव तथा धार्मिक स्नान पर्व आयोजना गर्न सकिए जनकपुरधामको पर्यटन अर्थतन्त्रमा नयाँ आयाम थपिन सक्छ ।

आज आवश्यकता केवल भाषण- स्टन्टबाजिको होइन, फेस्बुकिया भ्रमित प्राचार्य होइन - संरक्षणको हो । स्थानीय सरकार, प्रदेश सरकार, पुरातत्व विभाग, धार्मिक संघसंस्था र जनकपुरवासी सबैले मिलेर पादप्रक्षालन सरको संरक्षणमा अग्रसर हुनुपर्छ । अतिक्रमण हटाउने, डिल संरक्षण गर्ने, ऐतिहासिक घाट पुनर्निर्माण गर्ने, फोहोर व्यवस्थापन गर्ने तथा धार्मिक-सांस्कृतिक महत्व झल्किने गुरुयोजना निर्माण गर्नु अपरिहार्य भइसकेको छ ।

सभ्यता केवल अग्ला भवनले होइन, आफ्नो इतिहास जोगाउने चेतनाले बाँच्छ । यदि जनकपुरधामका कुण्ड-पोखरीहरू समाप्त भए भने मिथिलाको आत्मा नै कमजोर हुनेछ । त्यसैले पादप्रक्षालन सरको संरक्षण केवल एउटा पोखरी बचाउने अभियान होइन, यो मिथिलाको संस्कृति, सनातन परम्परा, धार्मिक आस्था, पर्यावरण र भावी पुस्ताको पहिचान जोगाउने अभियान हो ।अस्तुः

## सम्पादकीय

# लामिछानेको स्वागतबाट भारत उत्साहित

नेपालको सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेको भ्रमणबाट भारत उत्साहित भएको छ। सभापति लामिछानेलाई भारतले हालसम्मकै नेपाली अतिथिहरु मध्ये विशिष्ट स्वागत गरेको छ। सोमबार भारत पुगेका सभापति लामिछानेलाई सत्तारुढ दल भारतीय जनता पार्टी(भाजपा) को कार्यालयमा उच्च सम्मानको साथ मंगलबार स्वागत गरिएको छ। भाजपाका समकक्षी नितिन नविनको निम्तोमा भारत भ्रमणमा गएका सभापति लामिछानेलाई विशिष्ट पाहुनाको स्वागत गरिएको छ। भाजपाको मुख्यालयमा पुग्दा सभापति लामिछानेलाई रातो कार्पेट ओछ्याएर स्वागत गरियो । पुष्पवृष्टि, परम्परागत बाजागाजा र पहिरनमा रहेका कलाकारहरु स्वागतमा राखिएको थियो। उनीहरुले भारतको पारम्परिक बाजागाजा र नृत्य प्रदर्शन गरेका थिए । सभापति लामिछानेको सम्मानमा नितिन नविनले रात्रिभोज पनि दिए । नेपालका धेरै राजनीतिक दलका शीर्ष नेताहरु भारतको औपचारिक र अनौपचारिक भ्रमणमा जाने गर्छन्। विगतमा पनि धेरै अध्यक्षहरु भारतको भ्रमण गरे । आगामी दिनमा पनि भारतको भ्रमणमा नेपालको राजनीतिक दलका सभापतिहरु जानेछन्। आगामी दिनमा भारत भ्रमणमा जाने नेपालको नेताहरुको स्वागत कस्तो हुने होला, त्यो हेर्न बाँकी छ । तर हालसम्म भारतको भ्रमणमा नेपालबाट गएका दलका सभापतिहरु र प्रधानमन्त्रीहरु मध्ये लामिछाने जस्तो स्वागत अन्यले पाएका थिएनन् । नेपाल र भारतबीच सरकारीस्तरमा सम्बन्ध चिसिएको छ। भारतले पहिले प्रधानमन्त्री बालेन्द्र साह(बालेन)लाई नै भ्रमणको निम्तो दिएको थियो । तर विभिन्न कारणले प्रधानमन्त्री साह भारतको भ्रमणमा गएनन् । प्रधानमन्त्री साहले नेपाल र भारतबीचको लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयमा दिएको अभिव्यक्तिले भारत असन्तुष्ट रहेको देखिन्छ। नेपालले नक्सामा समेत समावेश गरिसकेको भू-भागबाट भारतले चीनको मानसरोवर जाने मार्ग बनाएको छ। त्यस सम्बन्धमा नेपालले भारतलाई कुटनीति नोट पठाएको छ। भारतले पनि त्यसको जवाफ फर्काएको छ। प्रधानमन्त्री साहले प्रतिनिधि सभाको बैठकमा नेपाली भूमिबारे दिएको अभिव्यक्ति विवादित बनेको छ। नेपाल र भारत सरकारबीच कुटनीतिक नोट पठाउने क्रम चलिरहेको बेला भारतको सत्तारुढ दल भाजपाले नेपालको सत्तारुढ दल रास्वपाका सभापति लामिछानेलाई निम्तो दिएर बोलाएको छ। भाजपाको निम्तोमा सभापति लामिछाने भारत भ्रमणमा छन्। उनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाहलगायत मन्त्री र उच्च सुरक्षा अधिकारीहरुसित भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । यद्यपि रास्वपाले सभापति लामिछानेको भ्रमणको विषयमा औपचारिक जानकारी सार्वजनिक गरेको छैन । सभापति लामिछानेको भ्रमणले दुई देशबीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। नेपाल र भारत सरकारबीच देखिएको चिसोपन हट्ने बताइएको छ। सभापतिलाई भारतले दिएको उच्च सम्मानले त्यसको संकेत गरेको छ । नेपालसित भारत सदैव मित्रवत व्यवहार गर्दै आएको छ । दुई देशबीचको खुल्ला सीमा, त्रेतायुगकालीन रोटीबेटी, धार्मिक, सांस्कृतिक सम्बन्ध रहँदै आएको छ। यो भ्रमण दुई देशबीचको झिनामसिना समस्याहरु समाधान गर्न सहायक हुनेछ।

# "नेपाल वेलनेस वर्ष": सांस्कृतिक कूटनीतिको नयाँ अध्याय



डिल्लीराज पौडेल

विश्व आज अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन्। तर यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि सङ्घर्ष गरिरहेको छ। आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव केवल आर्थिक, सैनिक वा प्राविधिक क्षमताले मात्र निर्धारण हुने अवस्था छैन। संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तरराष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन्। यही सन्दर्भमा नागरिक कूटनीति आज राज्य केन्द्रित कूटनीतिलाई पूरक मात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ। गौतमबुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करुणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन्। त्यसैले 'नेपाल वेलनेस वर्ष २०२७' लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमका रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पुऱ्याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ। यसले 'नेपाल वेलनेस वर्ष २०२७' लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको सङ्केत गर्दछ। यस पृष्ठभूमिमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वर्ष होइन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनर्स्थापित गर्ने ऐतिहासिक अवसर हो। यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ।

नेपालको अन्तरराष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचय मात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो। हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको सङ्गम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ। पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिक मात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो। यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमा समेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ। यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ। समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन। यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरु समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन्।

यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ। यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तरराष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ। समग्र स्वास्थ्य कूटनीति केवल सरकारी नीति वा पर्यटन प्रवर्द्धनको उपकरण मात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो। ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करुणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन्। त्यस्तै योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ। यी सबै तत्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई 'आन्तरिक सन्तुलनमार्फत बाह्य विकास' भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ।

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन। यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो। यही कारणले आधुनिक अन्तरराष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ। गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि केवल ऐतिहासिक परिचय मात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तरराष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन। यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ। नागरिक कूटनीतिले अन्तरराष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ। यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७'नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो। यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ।

यस प्रकार नागरिक कूटनीति केवल सहयोगी संरचना मात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो।

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनःपरिभाषित गर्ने नीति अघि सारेको छ। यो केवल शब्दगत परिवर्तन मात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्वपूर्ण रूपान्तरण हो। यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ। यस नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ। यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ।

विश्वव्यापी रूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ। अन्तरराष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्र गतिमा बढिरहेका पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन्। यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन्। यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत 'ब्रान्डिङ'को उच्च स्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवर्द्धन र अन्तरराष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन्।

आजको विश्व गम्भीर सभ्यतागत तनाव, सांस्कृतिक विभाजन र राजनीतिक ध्रुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ। यस्तो परिस्थितिमा अन्तरराष्ट्रिय सम्बन्ध केवल शक्ति सन्तुलनको प्रश्न मात्र नभई विश्वास निर्माण, संवाद विस्तार र सहअस्तित्वको पुनःस्थापनाको प्रश्न बनेको छ। यही संवेदनशील विश्व सन्दर्भमा नेपालले एक विशिष्ट र ऐतिहासिक भूमिका निर्वाह गर्न सक्ने सम्भावना बोकेको छ। नेपाल संवाद, शान्ति र सहअस्तित्वको प्राकृतिक पुलका रूपमा स्थापित हुनसक्ने देश हो किनकि यसको सभ्यतागत संरचना नै विविधता र सहजीवनमा आधारित छ।

नेपाल पूर्व र पश्चिमका विचारधाराबीचको सङ्गमस्थल हो। यहाँ पूर्वीय ध्यान र दर्शन परम्परा मात्र होइन, आधुनिक विकास आकांक्षा र वैश्विक सहभागिताको दृष्टिकोण पनि सँगसँगै उपस्थित छन्। त्यस्तै, नेपाल प्रकृति र चेतनाबीचको सन्तुलनको प्रतीक हो। यही बहुआयामिक अवस्थाले नेपाललाई सभ्यताहरू जोड्ने पुलका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। विश्वलाई आज केवल आर्थिक साझेदारी होइन, सांस्कृतिक समझदारी र भावनात्मक पुनःसंवादको आवश्यकता छ। यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वा राष्ट्रिय प्रवर्द्धनको कार्यक्रमका रूपमा सीमित रहँदैन। यो विश्व संवाद, शान्ति र मानव चेतनाको साझा मञ्च बन्नसक्ने रणनीतिक अवसर हो।

समकालीन अन्तरराष्ट्रिय सम्बन्धमा कूटनीति अब केवल राज्य संयन्त्रको एकल अधिकार क्षेत्रभित्र सीमित छैन। नागरिक समाज, विश्वविद्यालय, धार्मिक तथा आध्यात्मिक संस्था, युवा सञ्जाल, सांस्कृतिक अभियन्ता तथा प्रवासी समुदायहरूले अन्तरराष्ट्रिय सम्बन्ध निर्माणमा निर्णायक र दीर्घकालीन प्रभाव पार्ने भूमिका खेलिरहेका छन्।

# सभामुखसंग सांसदहरूको सवालजवाफ





**टुडे समाचारदाता**

काठमाण्डु । जबर्जस्ती संसद् चलाएको भनेर विपक्षी दलका सांसदहरू सभामुखसंगै सवालजवाफ गरेका छन् ।

विपक्षीको वेल घेराउ नाराबाजीकाबीच विगतमा केही बैठक चले । यो विषयमा मंगलबार सभामै सभामुखसँग विपक्षी दलका सांसदहरूले सवालजवाफ गरेका छन् ।

मंगलबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक दुई बज्न दुई मिनेट बाँकी छँदा सुरु भएको थियो । निर्धारित समयभन्दा दुई घण्टा ढिलो भए सभाको बैठक स्वतः स्थगित हुने कानुनी व्यवस्था छ । यसकारण दुई मिनेट छिटो घण्टी बजाएर सदन सुरु गरिएको हो ।

सभामुखले 'प्रतिनिधिसभा बैठकको कारबाही प्रारम्भ हुन्छ' भने लगत्तै विपक्षी दलका सांसदहरू उठे ।

त्यसपछि सभामुख अर्यालले विपक्षी दलका सांसदहरू दुई/तीन दिनदेखि उठिरहेको स्मरण गर्दै बजेटमाथिको छलफल गर्ने कार्यसूची रहेको त्यसमा अगाडि बढ्नका निम्ति सहयोग गर्न अनुरोध गरे ।

विपक्षीले मानेनन् । सभामुखले 'हिजो पनि कुरा राखेकै हो, आज पनि अनौपचारिक छलफलमा राखिरहेकै हो' सभालाई कार्यसूचीमा प्रवेश गर्नका निम्ति अनुरोध गरे ।

आकस्मिक समय, शून्य समयमा आफ्ना कुरा राख्न सकिने भनेर विपक्षीलाई मनाउने प्रयास गरे ।

तर, विपक्षी दलका सांसदहरूले प्रधानमन्त्रीले सीमा विवादबारे दिएको अभिव्यक्तिको तथ्य संसदले थाहा पाउनुपर्ने बताए ।

विपक्षी दलका सांसदहरू उठिरहेपछि सभामुख अर्यालले कांग्रेसका प्रमुख सचेतक बासना थापालाई बोल्न समय दिए ।

तर कांग्रेसले सुरुमा अभिषेक प्रताप साहलाई बोल्न अगाडि सार्यो ।

साहले प्रधानमन्त्री बालेनले नेपालले पनि भारतको जमिन मिचेको भनेर बोलेको र यो तथ्यहिन रहेको भन्दै विरोध जनाए । यो विषय राष्ट्रिय सुरक्षासँग समेत गाँसिएको भन्दै यसमा सरकारले जवाफ दिनुपर्ने माग गरे ।

शाहले भने, 'प्रधानमन्त्रीले कि त त्यो स्टेमेन्ट फिर्ता लिनुपर्छ । कि आम माफी माग्नुपर्छ । यो नहुन्जेल संसद् सञ्चालन हुँदैन ।.'

गत आइतबार प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्री बालेनले नेपाल-भारतको सीमा कूटनीतिक छलफलबाट समाधान गर्ने बताएका थिए ।

त्यसक्रममा उनले भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ- भारतले नेपालको जग्गा मात्र हैन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।'

यस्तो अभिव्यक्तिको विरोध गर्दै विपक्षी दलहरूले लगातार प्रतिनिधिसभाको बैठकमा विरोध गर्दै आएका छन् ।

विरोधका बीच प्रतिनिधिसभा बैठक संचालन हुँदै आएको छ । विपक्षीको विरोधका बीच प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली पारित गरेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन संशोधन विधेयक, मतदाता नामावली ऐन संशोधन विधेयक पारित गरेको छ । वैकल्पिक विकास कोष सम्बन्धी विधेयक पनि विरोधका बीच पारित भएर अगाडि बढेको छ ।

विपक्षीले विरोध गरे पनि सभा सञ्चालन भइरहने र कार्यसूची अगाडि बढिरहने भएपछि विपक्षी दलका सांसदहरूले सभामुख माथि नै समेत प्रश्न उठाएका हुन् ।

यसक्रममा सभामुख र सांसदहरू सवालजवाफ नै भएको हो ।

नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुललाले भने सदन सहज रूपमा चलोस् भन्ने विपक्षीहरूको मनसाय रहेको बताए । सांसद दुलालले भनेका छन्, 'हामी यो सदन सहज ढंगले सञ्चालन होस्, बजेट छलफल भएर पारित होस्, कानुन निर्माणको जिम्मा नेपाली जनताले दिएर पठाउनुभएको छ । यसकारण यो सदन निर्बाध रूपमा चल्नुपर्छ भन्ने कुरामा कहीँ कन्फ्युजनमा छैनौं, सदनमा डिस्टर्ब गर्ने हाम्रो नियत छैन ।'

यहाँनेर दुलालले सभामुखलाई विपक्षीले उठाएको सीमा विवादबारे प्रधानमन्त्रीको अभिव्यक्ति भनदा बजेट ठूलो विषय हो भनेर सदन जबरजस्ती चलाएको हो भनेर सभामुखलाई नै प्रश्न गरे ।

'साउन १ गतेबाट लागु हुने नयाँ आर्थिक वर्षको बजेट भन्दा देशको सिमानाको बारेमा प्रधानमन्त्रीज्यूले बोल्नुभएको विषय असाध्धै संवेदनशील र गम्भीर विषय भएको हुनाले उच्च स्तरीय राजनीतिक छलफल, बहस, बैठक र सदनको तर्फबाट सभामुखको पहल अविलम्ब होस्' दुलालले भने, 'सभामुखबाट प्रधानमन्त्रीजीलाई रुलिङ होस् । यसको समस्याको समाधान होस् ।'

जवाफमा सभामुखले विपक्षीले उठाएका विषय भन्दा बजेट गम्भीर विषय हो भनेर आफूले नभनेको प्रष्टीकरण दिए ।

'मैले यो विषय गम्भीर होइन् । त्यो भन्दा गम्भीर विषय बजेट हो भनेर सभामुखले भनिरहेको होइन,' सभामुखले भनेका छन्, 'हामीले हाम्रो कार्यसूचीमा राखेका विषयलाइ अगाडि लिएर जाऔं, यहाँहरूले राख्नु भएको विषयमा मेरो ध्यानाकषण भएको छ, सरकारको ध्यानाकषण भएको मैले बुझेको छु । त्यसकारण कार्यसूची अगाडि बढाऔं । र यहाँले राखेको विषयमा पनि संवाद गर्दै जाऔं ।'

राप्रपाकी प्रमुख सचेतक खुश्बु ओलीले पनि सभामुखलाई पेलेरै सदन चलाउने अभ्यास नगर्न भनिन् ।

'म यहाँलाई निवेदन गर्न चाहन्छु- आज फेरि पेलेर सदन चलाउनु भन्दा पनि सबै दलका शीर्ष नेताहरूलाई डाकेर, विधायकहरूलाई डाकेर एउटा छलफल राख्नुस्,' उनले भनिन्, 'हामीले यो मुद्दालाई राष्ट्रको गरिमासँग जोडेर हेरौं ।'

जवाफमा सभामुख अर्यालले आफ्नो तर्फबाट आफूले संवाद गरिरहेको बताए ।

'माननीय सदस्यहरूले राख्नुभएको विषयमा मेरो ध्यानाकर्षण भएको छ । सरकाले पक्कै पनि यहँहरूले राखेको विषयलाई गम्भीर रूपमा लिएकै छ,' सभामुख अर्यालले भनेका छन्, 'यसको समाधानको विषय त सरकारले आफ्नो तर्फबाट जवाफ दिने र माननीय सदस्यहरूले उठाएको विषयमा सरकारसँग मैले सभामुखको हैसियतले गर्ने संवाद, विपक्षी दलका नेताहरूसँग गर्ने संवाद पक्कै पनि हामीले यो विषय उठेदेखि गरिरहेका छौं र त्यो निरन्तर गरेर यसको निषकर्षमा त पुगि नै हालिन्छ ।'

संसद् सञ्चालनका विषय जति सवालजवाफ भए पनि कुरा मिलेन ।

सभामुखले आकस्मिक समयमा बोल्न प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्दाम्बेलाई समय दिए । विरोधका बीच सभा अगाडि बढाउन खोजेको भनेर विपक्षी दलका सांसदहरूले वेल घेरे ।

आङदाम्बे नबोलेपछि सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाए । जसमा राष्ट्रपतिले प्रमाणिकरण भएका विधेयकबारे जानकारी थियो ।

प्रतिनिधिसभा निर्वाचन ऐन संशोधन विधेयक राष्ट्रपतिले प्रमाणिकरण गरेका छन । मतदाता नमावली निर्वाचन ऐन संशोधन विधेयक पनि प्रमाणीकरण गरेका छन ।

विपक्षी दलका सांसदहरूको वेल घेराउ र नाराबाजीकाबीच सभामुखले राष्ट्रपतिबाट विधेयक प्रमाणिकरण भएकोबारे राष्ट्रपतिको कार्यालयको पत्र बाचन गरेर सदनलाई जानकारी गराएका हुन् ।

त्यसपछि बाँकी कार्यसूची भने अगाडि बढाएनन् । प्रतिनिधिसभाको अर्को बैठक जेठ २५ गतेका लागि डाकिएको सभामुख अर्यालले प्रतिनिधिसभाको सदनमा जानकारी गराए ।

## नयाँ पार्टी बनाउने विषयमा छलफल



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) परित्याग गरेर नयाँ पार्टी बनाउने तयारीमा जुटेका नेता धवलशमशेर राणाले राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाभियानका संयोजक दुर्गा प्रसाईंबिच मंगलबार भेटवार्ता भएको छ ।

भेटघाटका क्रममा मिलेन जाने विषयमा दुई नेताबिच सहमति भएको स्रोतको दाबी छ । यद्यपि पार्टीको नाम के राख्ने र कसरी धेरैभन्दा धेरैलाई पार्टीमा सहभागी गराउने भन्नेबारे भने क्रमशः छलफल गरेर निष्कर्षमा पुग्ने समझदारी बनेको स्रोतको भनाइ छ ।

राणाले प्रसाईंसमेतसँग मिलेर नयाँ पार्टी घोषणा गर्नेगरी गृहकार्य अघि बढाएका छन् । अहिले मलमास रहेकाले मलमास सकिएसँगै राष्ट्रवादी भावना बोकेको पार्टी घोषणा तयारी गरिएको स्रोतको भनाइ छ । नयाँ पार्टी राजावादी र जेन- जीको भावना अनुरुपको हुने दाबी गरिएको छ ।

## सुशासनका योजना लैङ्गिक उत्तरदायी हुनुपर्छ : उपाध्यक्ष भण्डारी



काठमाण्डु । राष्ट्रियसभाका उपाध्यक्ष लिलाकुमारी भण्डारीले देशको खाद्य सुरक्षा र जैविक विविधता सुशासनका योजना अनिवार्य रूपमा लैङ्गिक उत्तरदायी हुनुपर्नेमा जोड दिनुभएको छ ।

प्राकृतिक स्रोत महिला अधिकार सञ्जाल र कृषि तथा खाद्य सङ्गठन नेपालको संयुक्त आयोजनामा यहाँ आज आयोजित 'लैङ्गिक उत्तरदायी खाद्य सुरक्षा र जैविक विविधता सुशासनको प्रवर्द्धनमा संसदीय संवाद' विषयक एक दिने कार्यक्रममा भण्डारीले सो कुरा व्यक्त गर्नुभएको हो ।

उपाध्यक्ष भण्डारीले ग्रामीण अर्थतन्त्र, खाद्य सुरक्षा एवं जैविक विविधताको संरक्षणमा महिलाको भूमिका महत्वपूर्ण रहको चर्चा गर्नुभयो । उहाँले जलवायु परिवर्तनको असर खाद्य सुरक्षा र जैविक विविधतामा परिरहेको बताउनुभयो ।

सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय र सहकार्यमार्फत रैथाने प्रविधिको प्रवर्द्धन, साना किसान एवं महिलाको क्षमता अभिवृद्धि र प्राकृतिक स्रोतमा उनीहरूको न्यायोचित अधिकार स्थापित गर्न कानुनहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा भण्डारीले जोड दिनुभयो ।

आयोजक संस्था प्राकृतिक स्रोत महिला अधिकार सञ्जालकी अध्यक्ष आरती पाठकको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रियसभा प्रतिनिधिसभा प्रदेशसभा सदस्य, स्थानीय सरकारका प्रतिनिधि, विषय विज्ञ, नीति निर्माता तथा विभिन्न सरोकारवाला निकायको उपस्थिति थियो । रासस

## प्रधानमन्त्रीको अभिव्यक्ति र भारतको प्रतिक्रियामा आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का नेता डा. भीम रावलले प्रधानमन्त्री बालेन्द्र साहको पछिल्लो अभिव्यक्ति र त्यसप्रति भारतले जनाएको प्रतिक्रियालाई लिएर आपत्ति जनाउँदै गम्भीर प्रश्न उठाएका छन् ।

प्रधानमन्त्री साहले नेपालको अतिक्रमित भूमिको विषयमा बेलायत सरकारलाई वार्तामा संलग्न गराउने भनी प्रतिनिधि सभामा दिएको अभिव्यक्ति र भारतको विदेश मन्त्रालयको जवाफका सन्दर्भमा नेता रावलले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गरेका हुन् ।

नेता रावलले प्रतिनिधि सभामा झन्डै दुई तिहाइ बहुमतको सरकारका प्रधानमन्त्रीले 'नेपालले भारतको धेरै जग्गा मिचेको' भनी दिएको अभिव्यक्तिलाई 'झुटा' र 'राष्ट्रहित विरोधी' संज्ञा दिए । उनले यस्तो गम्भीर विषयमा प्रधानमन्त्रीले नेपाली जनतालाई स्पष्ट पार्नुपर्ने माग गरेका छन् ।

प्रधानमन्त्री साहले नेपाल-भारत सीमा विवादमा बेलायतलाई सहभागी गराउने बताएपछि भारतीय विदेश मन्त्रालयका प्रवक्ताले औपचारिक रूपमा प्रतिक्रिया दिँदै 'नेपाल र भारतबिचको द्विपक्षीय विषयमा कुनै तेस्रो पक्षको भूमिका स्वीकार्य नहुने' स्पष्ट पारेका थिए । यसलाई उल्लेख गर्दै उनले प्रधानमन्त्रीको कूटनीतिक अपरिपक्वतामाथि प्रश्न उठाएका छन् ।

## सिद्धार्थ बैंक लिमिटेड, केन्द्रिकृत कर्जा असुली विभाग, हात्तिसार, काठमाडौंको तपसिलमा उल्लेखित जमानतकर्ताहरुलाई धितो सकारबाट असुल उपर नभएको बाँकी कर्जा चुक्ता भुक्तान गर्न आउने तथा कालोसूचीमा समावेश गर्ने बारेको ९० दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/२० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को व्यक्तिगत जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा व्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/१३ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै पटक-पटक (मिति २०८१/१२/१२ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा, मिति २०८२/०५/०२ र मिति २०८२/१०/०१ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना र मिति २०८२/१२/०८ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने लिलामी सूचना प्रकाशित) धितोमा रहेको जेथा लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत लिलाम बिक्री हुन नसकेको हुँदा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकिकृत निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार यस बैंकले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरेकोमा सो पश्चात पनि बैंकको लेना रकम बाँकी रहेको हुँदा नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकिकृत निर्देशनको इ.प्रा. निर्देशन नं. १२/०८२ को निर्देशन नं. ९ (४) (घ) को व्यवस्था बमोजिम यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र बैंकको असुल उपर हुन बाँकी रहेको सम्पूर्ण रकम दाखिल गरी कर्जा चुक्ता भुक्तानी गर्नु गराउनुहुन सम्बन्धित ऋणी तथा सो को जमानतकर्तालाई यसै सूचनाद्वारा अन्तिम पटक समय/म्याद प्रदान गरि यो सूचना प्रकाशित गरिएको छ ।

अन्यथा, यस पत्रको मितिले ९० दिनभित्र निज ऋणीले यस बैंकबाट लिएको/उपभोग गरेको सम्पूर्ण बक्यौता/लेना रकम नबुझाई कर्जा चुक्ता नगरेमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकको निर्देशन, बैंकको नियम एवं कर्जाका शर्त अनुसार तपाई जमानतकर्ताको नाम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गर्ने तथा बैंकको बाँकी बक्यौता रकम असुल उपरको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया अबलम्बन गरि बाँकी बक्यौता रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| सर्लाही जिल्ला, सासपुर गा.वि.स. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५, औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, (प्रदेश नं. २) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा मिति २०६६/०८/१६ रोज ३ गते दर्ता नं. ३९०६/०६६/०६७ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०६६/१०/२० मा स्थायी लेखा नम्वर (PAN) ३०३८४७८८३ अन्तर्गत दर्ता कायम भएको **मदन बाबा ईटा उद्योग** । | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. ठगा चौधरी कल्वारको नाति, सुकेसर चौधरी कल्वारको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुरेन्द्र चौधरी** (ना.प्र.नं. ५९८२३०२०, जारी मिति २०५६/१०/२४, जि.प्र.का. सर्लाही) । | २. सुकेसर चौधरी कल्वारको बुहारी, सुरेन्द्र चौधरीको पत्नी, सर्लाही जिल्ला कौडेना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुनिता देवी** (ना.प्र.नं. १९३०३०/१२२, जारी मिति २०६३/११/०२, जि.प्र.का. सर्लाही) । |
| ३. सुकेसर चौधरी कल्वारको नाति, सुरेन्द्र चौधरीको छोरा, सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुबोध चौधरी** (ना.प्र.नं. १९-०१-७६-०८०८१, जारी मिति २०७६/०६/२३, जि.प्र.का. सर्लाही) । | ४. उतिम चौधरीको नाति, ठगा चौधरी कल्वारको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुकेसर चौधरी कल्वार** (ना.प्र.नं. १९९०३०/३४, जारी मिति २०६४/०९/२३, जि.प्र.का. सर्लाही) । |
| ५. ठगा चौधरी कल्वारको बुहारी, सुकेसर चौधरी कल्वारको पत्नी, सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सोनावत्ति देवी कलवार** (ना.प्र.नं. ४९७८०३०५, जारी मिति २०४४/१२/०९, जि.प्र.का. सर्लाही) । | ६. धर्मलाल चौधरीको नाति, राजदेव चौधरीको छोरा, सर्लाही जिल्ला, सासापुर गा.वि.स/उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सन्तोष चौधरी** (ना.प्र.नं. १९३०९१/२६८, जारी मिति २०६३/१०/२९, जि.प्र.का. सर्लाही) । |
| ७. राजदेव चौधरी कल्वारको बुहारी, सन्तोष चौधरीको पत्नी, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **उर्मिला देवी चौधरी** (ना.प्र.नं. १९-०२-७७-०००४१, जारी मिति २०७७/०४/०४, जि.प्र.का. सर्लाही) । | ८. रामघारी चौधरीको नाति, धर्मलाल चौधरीको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **राजदेव चौधरी कल्वार** (ना.प्र.नं. ४९७८१४६९, जारी मिति २०४४/१२/१०, जि.प्र.का. सर्लाही) । |
| ९. धर्मलाल चौधरीको बुहारी, राजदेव चौधरी कल्वारको पत्नि, सर्लाही जिल्ला, कौडेना गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **कोशिला देवी** (ना.प्र.नं. ४९७८२४३१, जारी मिति २०४४/१२/१९, जि.प्र.का. सर्लाही) । | |

Siddhartha Bank

केन्द्रिकृत कर्जा असुली विभाग
हात्तिसार काठमाडौं
फोन नं. ०१-५९७०७१९
Website : www.siddharthabank.com

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा
### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा लक्कर गा.वि.स. वडा नं. १ हाल परिवर्तित कमला न.पा. वडा नं. ५ मा बस्ने प्रसि यादबको छोरा नेवा मिना गोप यादब भन्ने नेवा यादबको नाउँमा नापनक्सा भएको जि.ध. गा.वि.स. लक्कर वडा नं.१ कि.नं. ९८ क्षेत्रफल ०-१-०-० जग्गा दर्ता गर्न छुट भएकोमा निजको मिति २०३०/०९/०५ मा मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नि हियावती देवी रहेकोमा निजको मिति २०२६/०३/१५ गतेमा आफ्नै कालगतिले मृत्यु भई निजहरुको मृत्यु पश्चात आपुताली हकखाने एकमात्र छोरा हनुमान यादबको मिति २०७८/०३/२० गतेमा र एकमात्र बुहारी दरो देवीको समेत मिति २०७५/०९/२१ गतेमा मृत्यु भईसकेकोले निजहरुको मृत्यु पश्चात हकखाने हनुमान यादबको ४ छोराहरु जेठो छोरा रामा अशिष यादब १, माईला छोरा अशेश्वर यादब, साहिला छोरा विशेश्वर यादब-१ र कान्छो छोरा कामेश्वर यादब-१ रहेकोमा रामा अशिष यादब, अशेश्वर यादब र विशेश्वर यादबको मन्जुरीनामाले मृतकको कान्छो छोरा कामेश्वर यादबले मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१०४९३ मिति २०८२/०९/१६ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्वन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०२/०४ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | लक्कर | १ | ९८ | ०-१-०-० | यो जग्गा मिना गोप यादवको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. सही मुक्ति गोप द... |

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा
### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. सोनिगामा वडा नं. ९ मा हाल हँसपुर न.पा. वडा नं. ६ मा बस्ने नारायण मण्डलको नाती बेचन मण्डल केवटको छोरा रामदेव मण्डलले मेरो बाजे नारायण मण्डलको नाममा सर्वे नापी भएको जिल्ला धनुषा गा.वि.स. सोनिगामा वडा नं.९क कि.नं.१५१ क्षेत्रफल ०-११-५-० जग्गा दर्ता गर्न छुट भएकोमा निजको मिति २०५१/०२/०४ मा मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी मानो देवीको पनि मिति २०३३/०२/१५ गतेमा मृत्यु भई निज मृतकहरुको हकभोग खाने जेठा छोरा बेचन मण्डल केवट-१ र कान्छा छोरा ध्यानी मण्डल केवट-१ भएकोमा बेचन मण्डल केवटको मिति २०७९/०८/०४ मा मृत्यु भई निजको हकभोग खाने पत्नी कारी देवीको मिति २०६९/०९/२३ मा मृत्यु भई निजहरुको हकभोग खाने जेठा छोरा राम देव मण्डल-१, कान्छा छोरा रामसेवक मण्डल-१ भएकोमा ध्यानी मण्डल केवट-१ र रामसेवक मण्डल समेत २ जनाको मंजुरीले उक्त जग्गा म निवेदक रामदेव मण्डलको नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.११२१८ मिति २०८२/०९/२४ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/३० को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सोनिगामा | ९क | १५१ | ०-११-५ | यो जग्गा पं. सोनिगामा बस्ने नारायण मण्डलको को हो । सही फौदार मण्डल |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा चोराकोयलपुर गा.वि.स. वडा नं. ९ हाल परिवर्तित शहिदनर न.पा. वडा नं. २ मा बस्ने शिवधर भरखेर यादबको बुहारी शोभित भरखेर यादबको पत्नी गालो देवी भरखेर यादबले सर्वे नापी हुँदा मेरो पति शोभित भरखेर यादबको नाउँमा नापनक्सा भएको जिल्ला धनुषा चोराकोयलपुर गा.वि.स. वडा नं. ८ख कि.नं. ८३ क्षेत्रफल ०-९-४ जग्गा निज नापीको बखत अनुपस्थित भएको कारण फिल्डबुकको ज.ध. महलमा यो जग्गा सीवधर भरखेरको छोरा सोभित भरखेर, पं. चोराकोयलपुर वडा नं. ९, को हकमा निजको दाजु रामलोचन भरखेर, कैफियत महलमा यो जग्गा मेरो नम्बरी हो सही.. उल्लेख दर्ता छुट भएकोमा निज शोभित भरखेर यादबको २०८१/०९/०७ मा मृत्यु भई हकखाने एकमात्र पत्नी म निवेदिका गालो देवी भरखेर यादब-१, जेठो छोरा चन्द्रदेव भरखेर-१, माईलो छोरा सुर्यदेव भरखेर यादब, साईलो छोरा ललनदेव यादब-१ र कान्छो छोरा नबल भरखेर यादब समेत ५ जना भएकोमा माईलो छोरा सुर्यदेव भरखेर यादब र साईलो छोरा ललनदेव यादब वैदेशिक रोजगारीमा रहेको र अहिले घर आउन निश्चित नभएको साथै जेठो छोरा चन्द्र देव भरखेर र कान्छो छोरा नबल भरखेर यादबको मंजुरीनामाले निजहरुको निकटतम हकदार म निवेदिका गालो देवी भरखेर यादबको नाउँमा उक्त जग्गा दर्ता गरी नामसारी गरी पाउँ भनी द.नं.२६०७३ मिति २०८२/०२/१४ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/३१ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी. सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | चोराकोयलपुर | ८ख | ८३ | ०-९-४ | यो जग्गा सीवधर भरखेरको छोरा सोभित भरखेर पं. चोराकोयलपुर वडा नं. ९. को हकमा सहिछाप गर्ने निजको दाजु रामलोचन भरखेर चोराकोयलपुर - ९, कैफियत महलमा यो जग्गा नम्बरी हो । सही.. |

# इरान दाबीबारे ट्रम्पको टिप्पणी



रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको सम्भावित सैन्य पराजय र त्यसपछि हुने राजनीतिक व्याख्याबारे टिप्पणी गर्दै यदि इरानले पूर्ण रूपमा आत्मसमर्पण गरे पनि अमेरिकी राजनीतिक विपक्षी र केही मिडियाले त्यसलाई उल्टै 'इरानको विजय' का रूपमा चित्रण गर्न सक्ने दाबी गर्नुभएको छ ।

सोमबार (स्थानीय समय) सामाजिक सञ्जालमार्फत गरिएको लामो अभिव्यक्तिमा राष्ट्रपति ट्रम्पले इरानको नौसेना र वायुसेना नष्ट भएको, सेना तेहरानबाट फिर्ता भएको र सबै सैनिकले हतियार त्याग्दै आत्मसमर्पण गरेको काल्पनिक परिदृश्य प्रस्तुत गर्नुभएको थियो । उहाँले त्यस्तो अवस्थामा समेत आलोचकहरूले घटनालाई गलत ढङ्गले व्याख्या गर्ने आरोप लगाउनुभयो ।

यदि इरानको नेतृत्वले सबै आवश्यक ' आत्मसमर्पणका कागजात' मा हस्ताक्षर गरी संयुक्त राज्य अमेरिकाको शक्ति स्वीकार गरे पनि डेमोक्रेट र केही मिडियाले त्यसलाई वास्तविकताभन्दा फरक रूपमा प्रस्तुत गर्ने सम्भावना रहने उहाँको भनाइ छ ।

उहाँले आफ्नो पोस्टमा लामो विवरण दिँदै इरानको सम्पूर्ण सैन्य संरचना समाप्त भएको, सेना पछि हटेको र युद्धमैदानमा पूर्ण हार स्वीकार गरिएको अवस्थालाई उदाहरणका रूपमा उल्लेख गर्नुभयो । उहाँले यस्तो अवस्थामा पनि विपक्षीहरूले घटनाको अर्थ उल्ट्याउने दाबी दोहोऱ्याउनुभयो ।

राष्ट्रपति ट्रम्पले अमेरिकी मिडियामाथि समेत आलोचना गर्दै केही सञ्चारमाध्यमहरूले परिस्थितिलाई विकृत रूपमा प्रस्तुत गर्ने आरोप लगाउनुभयो । आलोचकहरूले स्पष्ट पराजयको अवस्थालाई समेत 'इरानको विजय' भनेर चित्रण गर्न सक्ने सम्भावना रहेको उहाँको भनाइ छ ।

उहाँले विशेष रूपमा डेमोक्रेटहरूलाई लक्षित गर्दै उनीहरूलाई 'डुमाक्राट्स' भनी उल्लेख गर्नुभएको छ र उनीहरू तथा केही मिडियाले द्वन्द्वको वास्तविकता बुझ्न नसकेको आरोप लगाउनुभएको छ ।

ट्रम्पले द न्युयोर्क टाइम्स, वाल स्ट्रिट जर्नल र सिएनएनलगायत मिडिया संस्थाहरूको नाम उल्लेख गर्दै ती संस्थाहरूले गलत शीर्षक राख्ने र वास्तविकताभन्दा फरक व्याख्या गर्ने दाबी गर्नुभयो । यस्ता मिडिया संस्थाहरू 'अब अप्रासङ्गिक' हुँदै गएको उहाँको टिप्पणी छ ।

यसैबीच, राष्ट्रपति ट्रम्पले मध्यपूर्वमा जारी कूटनीतिक प्रयासप्रति आशावादी सङ्केत पनि दिनुभयो । उहाँले तेहरानसँगको युद्धविराम विस्तार गर्ने र क्षेत्रीय रणनीतिक समुद्री मार्गमार्फत ढुवानी पुनः सञ्चालन गर्ने सम्झौता 'आगामी हप्ताभित्र' हुन सक्ने अपेक्षा व्यक्त गर्नुभयो ।

उहाँले एबीसी न्युजसँग कुरा गर्दै ढुवानी मार्ग पुनः सञ्चालनसम्बन्धी समझदारीपत्र (एमओयु) मा अझै केही बुँदामा अन्तिम सहमति बाँकी रहेको बताउनुभयो । "मैले अझै केही विन्दुहरू प्राप्त गर्न बाँकी छ", उहाँको भनाइ उद्धृत गरिएको छ ।

यसअघि सोमबार नै ट्रम्पले तेहरानसँग वार्ता तीव्र गतिमा अघि बढिरहेको दाबी गर्दै सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मा कूटनीतिक संवाद जारी रहेको उल्लेख गर्नुभएको थियो ।

तर पछिल्लो कूटनीतिक प्रयासको बीचमा पनि स्थिति अस्थिर रहेको बताइएको छ । केही हप्ताअघि स्थापित अस्थायी युद्धविराम हालैका दिनहरूमा भएका प्रतिआक्रमणका घटनाका कारण पुनः दबाबमा परेको छ । अमेरिकी र इरानी सेनाबीच पछिल्ला दिनहरूमा देखिएको तनावले युद्धविराम कमजोर हुने र कूटनीतिक प्रक्रिया अवरुद्ध हुन सक्ने चिन्ता बढाएको छ ।

# ब्याडमिन्टन प्रशिक्षक 'बिक्की':
# स्वदेशमा अवसर पाएनन, भारतमा मासिक डेढ लाख कमाइ



महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगरस्थितकभर्डहलमाव्याडमिन्टन खेलको स्वयंसेवक प्रशिक्षकका रुपमा सात वर्ष काम गरेका विवेक थापा (बिक्की) यतिबेला भारतको कर्नाटक राज्यको बैंगलोरमा प्रशिक्षणमा जमेका छन् ।

राष्ट्रिय खेलकुद परिषद्बाट एनआइएस तालिम गरेर प्रशिक्षकको योग्यता हासिल गरेका थापा विगत दश वर्षदेखि बैंगलोरमा व्याडमिन्टन प्रशिक्षण गराइरहेका छन् । नेपालमा छँदा कञ्चनपुरबाट अन्तरराष्ट्रियस्तरसम्मका खेलाडी उत्पादन गरेका थापाले बैंगलोरमा पनि प्रदेशस्तरमा उपाधि विजेता खेलाडी उत्पादन गरिसकेका छन् ।

सन् २०१७ मा बैंगलोर पुगेर वाइटफिल्ड स्पोर्टस् सेन्टरमा व्याडमिन्टन प्रशिक्षकका रुपमा कार्यरत थापा पछिल्लो समय बैंगलोरको वाइटफिल्ड क्षेत्रका परिचित प्रशिक्षक कहलिएका छन् । थापाले स्पोर्टस् सेन्टरमा उत्पादन गरेका बैङ्लोरका महिला खेलाडी माहिता नायडु अहिले कर्नाटक राज्यको यु-१५ व्याडमिन्टनतर्फ च्याम्पियन बनेकी छिन् । नायडु यु-१३ मा पनि राज्यको च्याम्पियन नै थिइन् । हाल उनले एक सय ५० भन्दा बढी खेलाडीलाई प्रशिक्षण दिइरहेका छन् । खेलाडी नायडु कर्नाटकको एकल र डबल्सतर्फकी च्याम्पियन हुन् ।

महेन्द्रनगरमा प्रशिक्षक रहँदा थापाले यहाँबाट दिपेश धामी, चिरन विष्ट, मेघा चन्द, रञ्जना भट्ट, पुरन भण्डारीलगायत दर्जन बढी खेलाडी उत्पादन गरेका थिए । यिमध्ये केही खेलाडीले अन्तरराष्ट्रियस्तरसम्म खेलमा सहभागिता जनाइसकेका छन् । उनले उत्पादन गरेका केही खेलाडी अहिले पनि राष्ट्रिय प्रतियोगिता खेलिरहेका छन् ।

"नेपालमा मैले प्रशिक्षण गराएका १० जनाभन्दा बढी खेलाडीले अन्तरराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागिता जनाइसकेका छन्", प्रशिक्षक थापाले भने, "अहिले बैङ्लोरमा मेहनत गरेअनुसार राज्य स्तरीयसम्म्मका खेलाडी उत्पादन भइरहेका छन् ।"

नेपालमा रहँदा करार प्रशिक्षकका लागि थापाले निकै दौडधुप गरेका थिए । यसका लागि उनले विभिन्न निकाय धाए । कुनै सीप नचलेपछि उनी भारत पलायन भएका हुन् । "थोरै पारिश्रमिकमा पनि आफ्नै देशमा खेलाडी उत्पादन गर्ने चाहना थियो, तर त्यो अवसर पाउन सकिन", प्रशिक्षक थापाले भने । उनले अहिले भारतमा खेलाडी उत्पादन गरिरहँदा रु एक लाख ५० हजारभन्दा बढी मासिक कमाइ गरिरहेका छन् ।

प्रशिक्षक थापाले आफू कार्यरत स्पोर्टस् सेन्टरमा नेपालका पूर्वखेलाडी गोकुल जोरा, निखिल भट्ट, सौरभ बम, प्रतीक चन्द र जितेन्द्र शर्मालाई प्रशिक्षकका रुपमा काममा लगाएका छन् । "स्पोर्टस् सेन्टरका साथै अपार्टमेन्टमा पनि व्याडमिन्टन सिकाउँछु", प्रशिक्षक थापाले भने।उनीविराटनगरकाव्याडमिन्टन प्रशिक्षक उत्तम सिंखडाका माध्यमबाट बैङ्लोर पुगेका हुन् । महेन्द्रनगरमा छैटौं बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिताका बखत थापाले तीन महिना स्वयंसेवक प्रशिक्षकका रुपमा काम गरेका थिए । स्वदेशमा पाएको यही नै उनको एउटा मात्र अवसर थियो । रासस

# संयुक्त राष्ट्रसंघद्वारा गाजा पट्टीमा जारी इजरायली आक्रमणको निन्दा

रासस/एएफपी । संयुक्त राष्ट्र संघीय मानव अधिकार कार्यालयले गाजा पट्टीमा भएको इजरायली कब्जा र आक्रमणको निन्दा गर्दै अन्तर्राष्ट्रिय मानवीय कानुनको निरन्तर उल्लङ्घन भएको जनाएको छ ।

कार्यलयले निरन्तरको द्वन्द्वले बालबालिकाको बिग्रँदै गएको मानवीय अवस्थाको बारेमा चेतावनी दिएको छ ।

लामो समय सम्म चलिरहेको नाकाबन्दीले गाजा बासीलाई पर्याप्त आश्रय, औषधि, र खाद्यान्न आपूर्ति लगायतका आधारभूत आवश्यकताबाट वञ्चित गरेको जनाइएको छ भने सैन्य अपरेसनको समयमा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भएको विज्ञप्ति मार्फत चेतावनी दिएको छ ।

इजरायली अपरेसन र पश्चिमतर्फ सैन्य विस्तारको निरन्तरताको बीचमा गाजाको अधिकांश जनसङ्ख्याले विस्थापनको समस्यासँग जुधिरहनु पर्ने अवस्थाको सामना गरिरहेको जनाइएको छ ।

पछिल्लो समयमा निरन्तर जारी गरिएका नयाँ विस्थापन आदेशहरूले गाजा बासिन्दालाई आफ्नो आश्रय स्थान छोड्न बाध्य पारेको र यी घटनाले परिवारलाई थप विस्थापन तथा सीमित क्षेत्रहरूमा धकेल्न बाध्य पारेको छ कार्यालयले जनाएको छ ।

दीर्घकालीन विस्थापनको समस्यामा बाँचिरहेका गाजानहरु विरुद्ध निरन्तर जारी सैन्य आक्रमण र स्वास्थ्य, शिक्षा, खाद्य उत्पादन र नागरिक पूर्वाधारको विनाशका कारण गाजामा युद्ध अपराधको आयोग बारे चिन्ता बढेको अधिकृत प्यालेस्टिनी क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारका प्रमुख अजित सुङ्घेले बताउनुभएको छ ।

# संयुक्त राष्ट्रसंघद्वारा गाजा पट्टीमा जारी इजरायली आक्रमणको निन्दा



रासस/एएफपी । संयुक्त राष्ट्र संघीय मानव अधिकार कार्यालयले गाजा पट्टीमा भएको इजरायली कब्जा र आक्रमणको निन्दा गर्दै अन्तर्राष्ट्रिय मानवीय कानुनको निरन्तर उल्लङ्घन भएको जनाएको छ । कार्यलयले निरन्तरको द्वन्द्वले बालबालिकाको बिग्रँदै गएको मानवीय अवस्थाको बारेमा चेतावनी दिएको छ ।

लामो समय सम्म चलिरहेको नाकाबन्दीले गाजा बासीलाई पर्याप्त आश्रय, औषधि, र खाद्यान्न आपूर्ति लगायतका आधारभूत आवश्यकताबाट वञ्चित गरेको जनाइएको छ भने सैन्य अपरेसनको समयमा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भएको विज्ञप्ति मार्फत चेतावनी दिएको छ ।

इजरायली अपरेसन र पश्चिमतर्फ सैन्य विस्तारको निरन्तरताको बीचमा गाजाको अधिकांश जनसङ्ख्याले विस्थापनको समस्यासँग जुधिरहनु पर्ने अवस्थाको सामना गरिरहेको जनाइएको छ ।

पछिल्लो समयमा निरन्तर जारी गरिएका नयाँ विस्थापन आदेशहरूले गाजा बासिन्दालाई आफ्नो आश्रय स्थान छोड्न बाध्य पारेको र यी घटनाले परिवारलाई थप विस्थापन तथा सीमित क्षेत्रहरूमा धकेल्न बाध्य पारेको छ कार्यालयले जनाएको छ ।

दीर्घकालीन विस्थापनको समस्यामा बाँचिरहेका गाजानहरु विरुद्ध निरन्तर जारी सैन्य आक्रमण र स्वास्थ्य, शिक्षा, खाद्य उत्पादन र नागरिक पूर्वाधारको विनाशका कारण गाजामा युद्ध अपराधको आयोग बारे चिन्ता बढेको अधिकृत प्यालेस्टिनी क्षेत्रमा संयुक्त राष्ट्रसंघीय मानव अधिकारका प्रमुख अजित सुङ्घेले बताउनुभएको छ ।

# पोखराकप बास्केटबलको उपाधि म्याग्दीलाई



म्याग्दी । दोस्रो पोखरा कप प्रदेशस्तरीय पुरुष बास्केटबल प्रतियोगिताको उपाधि म्याग्दीले जितेको छ । गण्डकी प्रदेश बास्केटबल संघको आयोजनामा पोखरामा सोमबार सम्पन्न प्रतियोगितामा पर्वतलाई ७३ का विरुद्ध ८० स्कोर गर्दै म्याग्दी विजयी भएको हो ।

विजेता र उपविजेताले शिल्ड, मेडल र प्रमाणपत्रसहित नगद रु ५० हजार र उपबिजेताले रु ३० हजर नगद पुरस्कार प्राप्त गरेका जिल्ला बास्केटबल सङ्घ म्याग्दीका अध्यक्ष एकिन पुर्जाले जानकारी दिनुभयो ।

दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा म्याग्दी, पर्वत, कास्की, तनहुँ, लमजुङ जिल्ला बास्केटबल सङ्घले सहभागिता जनाएका थिए । गण्डकी प्रदेशका शिक्षा, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङ, संघका अध्यक्ष धोजकुमार गुरुङलगायतले पुरस्कार वितरण गर्नुभएको थियो । रासस

# सुडानमा अन्तरसमुदायिक हिंसा बढ्दा मानवीय सहायता प्रभावित : संयुक्त राष्ट्रसंघ



रासस/एएफपी । पश्चिमी सुडानका डार्फुर र कोर्डोफान क्षेत्रहरूमा जारी युद्धका बीच अन्तरसमुदायिक हिंसा बढ्दै गएको तथा हैजाको सम्भावित प्रकोपले मानवीय सङ्कट थप जटिल बनाएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता समन्वय कार्यालयका अनुसार, मध्य डार्फुर र दक्षिण डार्फुर प्रदेशहरूमा प्रतिद्वन्द्वी समुदायबीच भएको झडपमा मानवीय क्षति भएको छ भने हजारौं मानिस विस्थापित भएका छन् । केही परिवारहरू छिमेकी देश चाडतर्फ पलायन गर्न बाध्य भएका छन् ।

जारी विज्ञप्तिमा भनिएको छ, "बढ्दो असुरक्षाले मानवीय सहायता सञ्चालनमा समेत अवरोध पुऱ्याइरहेको छ । मध्य डार्फुरमा करिब २१ हजार मानिसलाई लक्षित मानवीय गतिविधि झडपका कारण स्थगित गरिएको छ ।"

यसैबीच, पश्चिम कोर्डोफानमा हैजाको आशंकित प्रकोप फैलिइरहेको छ। आइतबारसम्म ३०० भन्दा बढी आशंकित संक्रमित र ७७ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरिएको छ ।

स्वास्थ्य साझेदार संस्थाहरूले प्रतिक्रिया जनाइरहेका भए पनि अत्यावश्यक सामग्री तथा स्रोतसाधनको अभावले उनीहरूको काम प्रभावित भएको बताइएको छ। मार्च महिनामा देशव्यापी हैजा प्रकोप अन्त्य भएको घोषणा गरिए पनि त्यस क्रममा १ लाख २४ हजारभन्दा बढी संक्रमित र तीन हजार ५०० भन्दा बढी मृत्यु भएका थिए ।

वर्षायाम सुरु भएसँगै हैजा तथा पानीजन्य अन्य रोगहरूको जोखिम अझ बढ्ने चेतावनी दिइएको छ। खानेपानी तथा अन्य आधारभूत पूर्वाधारमाथि भइरहेका आक्रमणका कारण स्वच्छ पानीको पहुँच थप कठिन बनेको बताइएको छ ।

गत हप्ता मनाइएको ईद अल-अधा पर्वको अवधिमा पनि डार्फुर र कोर्डोफानका विभिन्न क्षेत्रमा युद्ध चर्किँदा दर्जनौं सर्वसाधारणको ज्यान गएको जनाइएको छ ।

उत्तर कोर्डोफानको बारा क्षेत्रमा भएको भिडन्तमा कम्तीमा एक दर्जन सर्वसाधारण मारिएका, धेरै परिवार विस्थापित भएका तथा मानवीय आवश्यकताहरू बढेको बताइएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठनका अनुसार पछिल्ला केही दिनमा मात्रै दुई हजार २०० भन्दा बढी व्यक्ति विस्थापित भएका छन् ।

पश्चिम कोर्डोफानको कादाम क्षेत्रमा भएको ड्रोन आक्रमणमा कम्तीमा ८ सर्वसाधारणको मृत्यु भएको तथा धेरै घाइते भएका स्थानीय स्रोतहरूले बताएका छन् । त्यस्तै, मध्य डार्फुरको उम दुखुन सहरमा शनिबार भएको अर्को ड्रोन आक्रमणमा तीन बालबालिकासहित कम्तीमा १० जनाको मृत्यु भएको जनाइएको छ।

संयुक्त राष्ट्रसंघले सबै पक्षलाई सर्वसाधारण तथा नागरिक पूर्वाधारको सुरक्षा सुनिश्चित गर्न र मानवीय सहायता पहुँच सहज बनाउन पुनः आग्रह गरेको छ।

साथै, सुडानका लागि आवश्यक २ अर्ब ९० करोड अमेरिकी डलर बराबरको मानवीय सहायता अपिल वर्षको मध्यसम्म आइपुग्दा केवल २२ प्रतिशत मात्र वित्तीय सहयोग प्राप्त भएकाले थप अन्तर्राष्ट्रिय सहयोगको खाँचो रहेको जनाइएको छ।

# अफगानिस्तानमा सडक दुर्घटनामा कम्तीमा ८ जनाको मृत्यु, १६ घाइते

रासस/एएफपी । पूर्वी अफगानिस्तानको परवान प्रान्तमा मंगलबार भएको एक भीषण सडक दुर्घटनामा कम्तीमा ८ जनाको मृत्यु भएको छ भने १६ जना गम्भीर रूपमा घाइते भएका छन्। प्रहरीका अनुसार दुर्घटना शिनवारी जिल्ला अन्तर्गत अस्तामा क्षेत्रमा भएको हो, जहाँ यात्रु बोकेको एक सवारीसाधन पहाडी सडक हुँदै यात्रा गरिरहेको बेला चालकले नियन्त्रण गुमाएपछि

अस्पताल स्रोतका अनुसार धेरै घाइतेको अवस्था गम्भीर रहेको छ, जसका कारण मृतक संख्या बढ्न सक्ने चिन्ता व्यक्त गरिएको छ। प्रहरी प्रवक्ता फजुल रहिम मुस्केन्यार ले प्रारम्भिक अनुसन्धानमा दुर्घटनाको मुख्य कारण तीव्र गति र चालकको लापरवाह व्यवहार रहेको बताएका छन् ।

यस घटनाभन्दा केही दिनअघि मात्र पूर्वी लाघमान प्रान्त मा पनि अर्को ठूलो सडक



गाडी सडकबाट चिप्लिएर गहिरो भीरमा खसेको थियो। भीरमा खस्नेबित्तिकै सवार ीसाधन पूर्ण रूपमा क्षतिग्रस्त भएको र घटनास्थलमै ४ बालबालिकासहित ८ यात्रुको मृत्यु भएको बताइएको छ ।

दुर्घटनापछि स्थानीय बासिन्दा र सुरक्षाकर्मीहरूले तत्काल उद्धार कार्य सुरु गरेका थिए र घाइते भएका १६ जनालाई नजिकैको अस्पताल पुऱ्याइएको छ।

दुर्घटना भएको थियो, जहाँ अत्यधिक भार बोकेको ट्रक पल्टिँदा १८ जनाको मृत्यु र ३० जना घाइते भएका थिए । यी लगातार भइरहेका दुर्घटनाहरूले अफगानिस्तानमा कमजोर सडक पूर्वाधार, जोखिमपूर्ण पहाडी भूभाग, सवारीमा अत्यधिक यात्रु तथा सामान बोक्ने प्रवृत्ति, अवैध ओभरटेकिङ र तीव्र गतिका कारण सडक दुर्घटनाहरू बारम्बार हुने गम्भीर समस्या रहेको देखाएको छ ।

# कोशी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डमा सुनसरी च्याम्पियन




धरान । कोशी प्रदेशस्तरीय १६औँ राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगितामा सुनसरी च्याम्पियन बनेको छ ।

सुनसरीको इटहरीमा आइतबारदेखि सञ्चालन भएको प्रतियोगिताको अन्तिम दिन आज सुनसरीले २१ स्वर्ण पदक जित्दै उपाधि हात पारेको हो । झापाले १८ स्वर्णपदकसहित दोस्रो तथा मोरङले १६ स्वर्णपदक जित्दै तेस्रो स्थान हासिल गरेको छ ।

कोशी प्रदेश खेलकुद विकास बोर्डद्वारा आयोजित प्रतियोगितामा प्रदेशका १४ वटै जिल्लाबाट छनोट भएका एक हजार ७०० खेलाडीको सहभागिता रहेको बोर्डका सदस्य सचिव विप्लब घोषले जानकारी दिनुभयो । प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी ६ खेल विधामा प्रतिस्पर्धा गराइएको थियो ।

प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीले राष्ट्रिय प्रतियोगितामा कोशी प्रदेशको प्रतिनिधित्व गर्ने छन् । प्रतियोगिताबाट राष्ट्रियस्तरका लागि छनोट भएका ११५ खेलाडी तथा अफिसियललाई आज साँझ बिदाइ गरी काठमाडौँ पठाइएको छ । बिदाइ कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शनमार्फत कोशी प्रदेशले धेरैभन्दा धेरै पदक जित्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले खेलाडीलाई अनुशासन, मेहनत र खेल भावनाका साथ प्रतिस्पर्धा गर्न आग्रह गर्नुभयो ।

त्यसैगरी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा १६औँ केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता यही जेठ २० गतेदेखि काठमाडौँमा सुरु हुने भएको छ । तीन दिनसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा सातै प्रदेशका कुल ६८६ खेलाडीको सहभागिता रहने (राखेप)ले जनाएको छ ।

प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी छ खेल समावेश गरिएका छन् । ती खेलमा कुल ६६ स्वर्णपदकका लागि प्रतिस्पर्धा हुनेछ । एथलेटिक्समा २६ स्वर्णपदकका लागि प्रतिस्पर्धा हुनेछ भने भलिबल र कबड्डीमा समान दुई-दुई स्वर्ण पदकका लागि खेल हुनेछ । कराते, तेक्वान्दो र उसुमा समान १२-१२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

राखेपका सदस्य सचिवका रामचरित्र मेहताका अनुसार भएको छ ।

# अन्नपूर्ण हिमाल आरोहण दिवसमा दोर्दीमा पर्यटन प्रवर्द्धन कार्यक्रम



काठमाण्डु । ७६औँ अन्नपूर्ण हिमाल आरोहण दिवसका अवसरमा लमजुङको दोर्दी गाउँपालिकामा पर्यटन प्रवर्द्धन तथा अन्तर्क्रिया कार्यक्रम आयोजना हुने भएको छ । कार्यक्रम आगामी जेठ २० र २१ गते सञ्चालन हुने आयोजकले जनाएको छ ।

उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, दोर्दी गाउँपालिका तथा अन्नपूर्ण संरक्षण आयोजना (एसीएपी)को सहकार्यमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले कार्यक्रम आयोजना गर्न लागेको हो ।

आयोजकका अनुसार यस वर्षको कार्यक्रमले दोर्दी क्षेत्रका सम्भावनायुक्त नयाँ पदमार्ग तथा पर्यटकीय गन्तव्यलाई पर्यटन बजारमा स्थापित गर्न विशेष योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । पछिल्ला वर्षहरूमा सडक विस्तार र बढ्दो व्यावसायीकरणका कारण केही स्थापित पदयात्रा मार्गहरूले आफ्नो मौलिकता गुमाउँदै गएका बेला दोर्दी क्षेत्रलाई प्रकृतिनजिकको, शान्त र वैकल्पिक पदयात्रा गन्तव्यका रूपमा अघि बढाउने लक्ष्य राखिएको छ ।

दोर्दी क्षेत्र प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन, मौलिक गुरुङ संस्कृति तथा कम व्यावसायिक हस्तक्षेपका कारण पदयात्रा पर्यटनको आकर्षक नयाँ गन्तव्य बन्न सक्ने सम्भावना बोकेको क्षेत्र हो । यस्ता कार्यक्रमले ओझेलमा रहेका गन्तव्यहरूको प्रचारप्रसार बढाउनुका साथै स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सृजना, सामुदायिक सहभागिता अभिवृद्धि तथा समुदायमा आधारित दिगो पर्यटन विकासमा महत्त्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीका अनुसार कार्यक्रमको मुख्य उद्देश्य दोर्दी क्षेत्रका पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन बजारमा प्रवर्द्धन गर्नुका साथै स्थानीय समुदायलाई पर्यटन गतिविधिसँग थप जोड्नु हो ।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार कार्यक्रममार्फत दोर्दी गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार, स्थानीय व्यवसायी तथा सरोकारवाला निकायसँग अन्तर्क्रिया तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा छलफल गरिनेछ ।

कार्यक्रमको पहिलो दिन सहभागीहरू पोखराबाट भोटेओडार हुँदै करिब तीन घण्टाको सवारी यात्रापछि मञ्जाङ ढोकेडाँडास्थित लक्ष्मी माध्यमिक विद्यालय पुग्नेछन् । त्यहाँबाट करिब ४० मिनेट पैदलयात्रा गर्दै लामागाउँ पुग्ने कार्यक्रम तय गरिएको छ । बाटोमा पर्ने दासडाँडामा सहभागीहरूलाई पञ्चेबाजासहित स्वागत गरिनेछ ।


सोही दिन ७६औँ अन्नपूर्ण आरोहण दिवस विशेष समारोह, पदमार्ग तथा पर्यटकीय गन्तव्य प्रवर्द्धनसम्बन्धी औपचारिक सत्र, आरोही सम्मान कार्यक्रम तथा स्थानीय व्यवसायी र सरोकारवालासँग अन्तर्क्रिया आयोजना गरिनेछ । कार्यक्रममा जलवायु परिवर्तन, विश्वव्यापी तापक्रम वृद्धिले हिमाली पर्यटन र स्थानीय वातावरणमा पारेका प्रभाव तथा त्यसका चुनौतीबारे पनि छलफल हुने जनाइएको छ ।

सहभागीहरूले लामागाउँमा गुरुङ समुदायको मौलिक सांस्कृतिक प्रस्तुति अवलोकन गर्नेछन् । कार्यक्रम अवधिभर सहभागीहरूको खाना तथा आवासको व्यवस्था स्थानीय गुरुङ होमस्टेमा गरिएको छ । कार्यक्रमको दोस्रो दिन नेपाली झण्डा पार्क, चियाबारी, मौलाकोट क्षेत्र तथा स्थानीय गुम्बाहरूको अवलोकन तथा भ्रमण कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

आयोजकका अनुसार कार्यक्रमले दोर्दी गाउँपालिकाको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा उजागर गर्दै यस क्षेत्रलाई गण्डकी प्रदेशकै उदीयमान पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग र लुई लाशनालले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल सफलतापूर्वक आरोहण गरेका थिए । सोही दिनको सम्झनामा हरेक वर्ष अन्नपूर्ण आरोहण दिवस मनाइँदै आइएको छ । रासस

# तनहुँमा करिब १५ हजार प्रतिष्ठानको आर्थिक गणना



दमौली । जिल्लाका करिब १५ हजार प्रतिष्ठानको आर्थिक गणना गरिएको छ । जिल्ला आर्थिक गणना कार्यालय तनहुँले वैशाख २ गतेदेखि सुरु गरेको आर्थिक गणनाअन्तर्गत हालसम्म ८६ प्रतिशत अर्थात् १४ हजार ९२३ प्रतिष्ठानको गणना गरेको हो ।

कार्यालय प्रमुख ऋषिराम अधिकारीले जिल्लामा १७ हजार ३६६ प्रतिष्ठानको गणना गर्ने लक्ष्य राखिएको र त्यसका लागि ४९ गणक तथा सात जना सुपरिवेक्षक खटाइएको जानकारी दिनुभयो ।

प्रतिष्ठानको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन, नीति निर्माण, योजना तर्जुमा र लक्ष्य तथा प्रगतिको मापन, कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखा अनुमानका लागि तथ्याङ्क उत्पादन गर्न आर्थिक गणना महत्त्वपूर्ण हुने उहाँले बताउनुभयो ।

कार्यालय प्रमुख अधिकारीका अनुसार आर्थिक गणनामा सङ्कलित विवरणहरू पूर्ण रूपले गोप्य रहनेछन् । ती विवरण तथ्याङ्कीय प्रयोजनका लागि प्रयोग गरिने र सामूहिक प्रतिनिधित्व हुनेगरी मात्र प्रकाशन गरिने छ ।

विसं २०७५ मा गरिएको गणनाअनुसार जिल्लाभर १२ हजार ४३३ प्रतिष्ठान रहेका थिए । तीमध्ये छ हजार ९१५ दर्ता र पाँच हजार ५१८ दर्ता भएका थिएनन् ।

आर्थिक गणनामा कृषि, वन, पशुपालन, खानी तथा उत्खनन, औद्योगिक उत्पादन, विद्युत् तथा ग्यास, पानी आपूर्ति, फोहर व्यवस्थापन, निर्माण, थोक तथा खुद्रा व्यापार, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, वित्तीय तथा बिमा, घरजग्गा व्यवसाय, शिक्षा, मानव स्वास्थ्य र सामाजिक कार्यलगायत समावेश गरिनेछन् ।

आर्थिक गणनामा औद्योगिक प्रतिष्ठानहरूको परिचयात्मक विवरण, सञ्चालन गरेका प्रमुख आर्थिक क्रियाकलाप, संस्थागत क्षेत्र, दर्ता स्थिति, रोजगारीसम्बन्धी विवरण, व्यवसाय सञ्चालन, लेखाको स्वरुप, आम्दानी तथा खर्चसम्बन्धी विवरण, ऋण, लगानी तथा वैदेशिक ऋणलगानीसम्बन्धी विवरणलगायत विविरण सङ्कलन भइरहेका कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

यसैबीच सोमबार बसेको सरोकार भएकाहरूको बैठकले स्थलगत गणनाको बाँकी अवधिमा सूचनामूलक सन्देशका लागि थप प्रचारप्रसार गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आर्थिक गणनामा सहयोग गर्न सबैलाई आग्रह गर्नुभएको छ । उहाँले गणनाका क्रममा सङ्कलित विवरण नीति, योजना तथा बजेट निर्माण प्रक्रियामा समेत महत्त्वपूर्ण सन्दर्भका रूपमा प्रयोग गरिने भएकाले यसमा सरिक हुन आग्रह गर्नुभएको हो । रासस

## पाल्पामा सडक खाना महोत्सवः
# स्थानीय खाना र संस्कृतिमा झुम्मिए पर्यटक

तानसेन । मखमलको चोली, गलामा पहेँलो पोते र परम्परागत झोला भिरेका मगर समुदायका महिलाहरु डालामा स्थानीय परिकारका बटुक, चकाउनी, बारा, सेलरोटी र अचार बिक्रीमा व्यस्त छन् ।

तानसेन नगरपालिका-६, बर्तुङमा आयोजना गरिएको सडक खाना महोत्सवमा उनीहरुले तयार पारेका पाकवानको स्वाद लिन आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो देखिन्छ ।

पर्यटकहरु सांस्कृतिक कार्यक्रममा रमाउँदै स्थानीय परिकारको स्वाद लिइरहेका थिए । महोत्सवको आकर्षणमा रैथाने खाना बटुक, चुकाउनी, हाँसको छोइला, पकौडा, चटामरी, मासको बारा, सेलरोटी, यःमरी, मेवाको अचारलगायत छोइला, बटुक, सेलरोटी, चुकाउनीलगायतका परिकारका साथै स्थानीय कलाकारद्वारा नेवारी समुदायको धिमे र लाखे नाँच तथा मगर समुदायको घाटु र लिलि घोडा नाच प्रदर्शन गरिएको थियो ।

स्थानीय खानाको संरक्षण, खानाको खानाको प्रवर्द्धन र पर्यटन विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको जानकारी दिँदै भीमसेनटोलमा सञ्चालन हुँदै आएको खुला वाचनालयलाई व्यवस्थित गर्दै लैजानेमा जोड दिएको आयोजक भीमसेन टोल विकास संस्थाका अध्यक्ष प्रकाशनाथ गोंगलले बताउनुभयो । टोलको सरसफाईलगायतका सामाजिक कामका लागि आवश्यक रकम जुटाउने उद्देश्यले महोत्सव आयोजना गरिएको उहाँको भनाइ छ ।




पछिल्लो समय 'फास्ट फुड'मा रमाउने युवाहरु पनि मौलिक खानाको स्वाद लिन व्यस्त देखिन्थे । बटुक, चुकाउनीलगायतका परिकार बनाउन व्यापारीलाई भ्याइ-नभ्याइ देखिन्थ्यो ।

महोत्सवमा विशेष गरी मगर र नेवारी समुदायलगायतका १५ भन्दा बढी परिकारका कक्ष राखिएको छ । दर्शकले स्थानीय खानाको स्वादसँगै विभिन्न जात जातिका भेषभुषा, नाचगान र स्थानीय राष्ट्रिय कलाकारको प्रस्तुति सहित मनोरञ्जन समेत लिए ।

तानसेनको भीमसेनटोलमा पनि सडक खाना महोत्सवमा आयोजना गरिएको थियो । भीमसेन टोल विकास संस्थाको आयोजनामा भएको महोत्सवमा दर्शक तथा पर्यटकको उल्लेख्य सहभागिता रहेको जनाइएको छ । महोत्सवमा स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति, हस्तकलाका सामग्री तथा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमले सहभागीलाई आकर्षित गराएको आयोजकले जनाएको छ ।

स्थानीय मौलिक खानाका परिकार यःमरी, हाँसको छ ।

पछिल्लो समय सडकमा महोत्सव आयोजना गरी परम्परादेखि घरमा खाने परिकार आगन्तुकलाई खुवाउन महिला समूह, विभिन्न जातजाति सम्बद्ध समूह, टोल विकास संस्था सक्रिय छन् । स्थानीय मगर, नेवार, ब्राह्मण, क्षेत्री, कुमाल समुदायमा प्रचलित खानाका परिकार महोत्सवमा राखिने गरिएको छ ।

सडक खाना महोत्सव हुँदा विभिन्न खानाका परिकार चाख्न पाइएको तानसेनका स्थानीय मोहन श्रेष्ठले बताउनुभयो । सडक महोत्सवले महिला तथा अन्य समूहको आम्दानीसमेत बढाएको उहाँको भनाइ छ ।

यसप्रकारका महोत्सवबाट स्थानीय खानाको प्रचारप्रसार हुनुका साथै आम्दानीमा टेवा पुगेको तानसेन-५, कैलाशनगरकी शान्ता ढकालको भनाइ छ ।

महोत्सवका लागि तानसेन नगरपालिकाले समेत सहयोग गर्दै नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताउनुभयो । सडक खाना महोत्सवले पर्यटन तथा व्यवसाय क्षेत्रमा आएको मन्दी कम गर्न सहयोग पुग्ने उहाँको भनाइ छ । रासस

# हिमालय एयरलाइन्सले काठमाण्डु-शेन्जेन सिधा उडान शुरु गर्दै

काठमाण्डु । नेपालबाट अन्तरराष्ट्रिय उडान गरिरहेको वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले चीनको आर्थिक तथा प्रविधि केन्द्रका रूपमा परिचित शेन्जेन सहरसँग राजधानी काठमाडौँलाई प्रत्यक्ष हवाई सेवामार्फत जोड्ने भएको छ ।

कम्पनीले यही जेठ २१ गतेदेखि काठमाडौँ-शेन्जेन-काठमाडौँ सिधा उडान सेवा सञ्चालनमा ल्याउने घोषणा गरेको हो । नयाँ उडान सेवाअन्तर्गत काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल र चीनको शेन्जेन बाओआन अन्तरराष्ट्रिय विमानस्थलबीच साप्ताहिक दुई उडान सञ्चालन गरिनेछ । कम्पनीका अनुसार काठमाडौँबाट शेन्जेनका लागि उडान प्रत्येक मङ्गलबार र बिहीबार हुनेछ भने शेन्जेनबाट काठमाडौँ फर्कने उडान बुधबार र शुक्रबार सञ्चालन हुनेछ ।

हिमालय एयरलाइन्सले यो सेवा नेपाल-चीन हवाई सम्पर्क विस्तारको दिशामा महत्वपूर्ण कदम भएको जनाउँदै यात्रुको मागका आधारमा भविष्यमा उडान सङ्ख्या थप्ने योजना पनि बनाएको उल्लेख गरेको छ ।

कम्पनीका उपाध्यक्ष विजय श्रेष्ठले नयाँ गन्तव्य थपिनु हिमालय एयरलाइन्सको अन्तरराष्ट्रिय सञ्जाल विस्तारको रणनीतिक उपलब्धि भएको बताउनुभयो ।रासस


# धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति:** २०८३/०२/२६ गते/स्थान : सम्बन्धित शाखा कार्यालय

**बोलपत्र खोलिने मिति/समय:** २०८३/०२/२८ गते, बिहीबार दिनको ३ बजे

**क्र.सं. शाखा कार्यालय : हरिवन, सर्लाही**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : धर्मेन्द्र साह**
ना.प्र.नं. ३६८९२१५८, जि.प्र.का. सर्लाही, जारी मिति : २०५९/०५/२८
बाबुको नाम : महेन्द्र साह, बाजेको नाम : भोला साह
ठेगाना : सर्लाही जिल्ला, भाडसर वडा नं. ९, हाल : सर्लाही जिल्ला, हरिवन वडा नं. ११

**जमानतकर्ताको विवरण**

| १. नाम : नम्रता रौनियार | २. नाम : मनतोरीया देवी साह |
|---|---|
| ना.प्र.नं. १६२००९/४३२, जि.प्र.का. सप्तरी | ना.प्र.नं. ४०३५, जि.प्र.का. सर्लाही |
| जारी मिति : २०६८/०३/२१ | जारी मिति : २०५९/०५/२८ |
| पतिको नाम : धमेन्द्र साह, ससुराको नाम : महेन्द्र साह | पतिको नाम : महेन्द्र साह, ससुराको नाम : भोला साह |
| ठेगाना : सप्तरी जिल्ला, कञ्चनपुर वडा नं. ९ | ठेगाना : सर्लाही जिल्ला, भाडसर वडा नं. ९ |
| हाल : सर्लाही जिल्ला, हरिवन वडा नं. ११ | हाल : सर्लाही जिल्ला, हरिवन वडा नं. ११ |

**धितोको विवरण**
मनतोरीया देवी साहको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ६/ख स्थित कित्ता नं. ९३३, ३८४३ र ३८६१ को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-४-२ र ०-०-५ ३/४ बिगाहको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : हिमानी कोल्ड स्टोर**
वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
दर्ता नं. ५७१९/१२६०/०६९/७०, दर्ता मिति : २०७०/३/२३, पान नं. ६०१२०७२२०, दर्ता मिति : २०७०/०४/२१
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १२, **प्रोप्राइटर : संजय चौधरी**

**जमानतकर्ताको विवरण**

| १. नाम : संजय चौधरी | २. नाम : रुवी कुमारी पुर्वे |
|---|---|
| ना.प्र.नं. १७३०७९/४७०, जि.प्र.का. धनुषा | ना.प्र.नं. ३९२३८४५८, जि.प्र.का. महोत्तरी |
| जारी मिति : २०६३/१०/११ | जारी मिति : २०५९/११/१३ |
| बाबुको नाम : रामवृक्ष चौधरी | पतिको नाम : संजय चौधरी |
| बाजेको नाम : गोकुल चौधरी | ससुराको नाम : रामवृक्ष चौधरी |
| ठेगाना : धनुषा जिल्ला, विन्धी गा.वि.स. वडा नं. ४ | ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर वडा नं. १ |
| हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ | हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ |

**धितोको विवरण**
रुवी कुमारी पुर्वेको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ स्थित कित्ता नं. ३८८ को क्षेत्रफल ०-०-४-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : दिपिका डिर्पाटमेन्ट स्टोर**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर धनुषा
दर्ता नं. १६९७०/१७५९/२०७७/०७८, दर्ता मिति : २०७७/१०/२०, पान नं. ६१५०४९३१७, दर्ता मिति : २०७७/१०/२१
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं ६, **प्रोप्राइटर : जनक लाल महतो**

**जमानतकर्ताको विवरण**

| १. नाम : जनक लाल महतो | २. नाम : राम उदगार महतो |
|---|---|
| ना.प्र.नं. १७३०८९/८०९, जि.प्र.का. धनुषा | ना.प्र.नं. १७३०८९/२४९, जि.प्र.का. धनुषा |
| जारी मिति : २०६३/१२/२३ | जारी मिति : २०६३/१२/२० |
| बाबुको नाम : राम उदगार महतो | बाबुको नाम : मोहन महतो . |
| बाजेको नाम : मोहन महतो | बाजेको नाम : कुनाई महतो |
| ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवास वडा नं. ९ | ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवास वडा नं. ९ |
| हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. १ | हाल : धनुषा जिल्ला, बटेश्वर वडा नं. १ |

**धितोको विवरण**
राम उदगार महतोको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ९ ख र ८ ख स्थित कित्ता नं.२६०, १५८, १६१ र १५९ को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-४-२-०, ०-२-०-० र ०-१-१०-० भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : पि एण्ड पि चामल भण्डार**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा
प्रा.फ.र.नं. १५६०२/३७२/२०७७/०७८, दर्ता मिति : २०७७/०६/०५
पान नं. ६०८०६५८०९, आयकर दर्ता मिति : २०७५/०४/१०
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २, नक्टाझिझ, **प्रोप्राइटर : शान्ति देवी महतो कुशवाहा**

**नाम : पि एन पि जेनेरल स्टोर्स**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा
प्रा.फ.र.नं. १५८६४/६३४/२०७७/०७८, दर्ता मिति : २०७७/०६/२३
पान नं. ६१३९७४९३६, आयकर दर्ता मिति : २०७७/०६/२५
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २, नक्टाझिझ, **प्रोप्राइटर : विहारी महतो कुशवाहा**

**जमानतकर्ताको विवरण**

| १. नाम : विहारी महतो कुशवाहा | २. नाम : शान्ति देवी महतो कुशवाहा |
|---|---|
| ना.प्र.नं. १७३१००/३५६, जि.प्र.का. धनुषा | ना.प्र.नं. १७३१००/५०२, जि.प्र.का. धनुषा |
| जारी मिति : २०६३/११/२६ | जारी मिति : २०६३/११/२७ |
| बाबुको नाम : नन्दु महतो | पतिको नाम : विहारी महतो कुशवाहा |
| बाजेको नाम : निरस महतो | ससुराको नाम : नन्दु महतो |
| ठेगाना : धनुषा जिल्ला, नक्टाझिझ गा.वि.स. वडा नं. २ | ठेगाना : धनुषा जिल्ला, नक्टाझिझ गा.वि.स. वडा नं. २ |
| हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २ | हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २ |

**धितोको विवरण**
१. विहारी महतो कुशवाहाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नक्टाझिझ गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ७१७ र ७१८ को क्षेत्रफल क्रमशः ०-०-६ १/२ र ०-०-१३ १/२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. शान्ति देवी महतो कुशवाहाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नक्टाझिझ गा.वि.स वडा नं.२ स्थित कित्ता नं. ८७८ को क्षेत्रफल ०-०-१५-० (विगाह) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : निजगढ, बारा**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : सुरेस रुम्बा लामा**
ना.प्र.नं. १/१६५३, जि.प्र.का. मकवानपुर, जारी मिति : २०५४/१२/०७
बाबुको नाम : जीत बहादुर रुम्बा, बाजेको नाम : जसमान रुम्बा
ठेगाना : मकवानपुर जिल्ला, फापरवारी वडा नं. ७, हाल : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७

**जमानतकर्ताको विवरण**

| १. नाम : अरबिन्द रुम्वा | २. नाम : सकिता रुम्वा |
|---|---|
| ना.प्र.नं. ३३-०२-७७-००२३८, जि.प्र.का. बारा | ना.प्र.नं. ३३-०२-७५-०१७१४, जि.प्र.का. बारा |
| जारी मिति : २०७७/०४/११ | जारी मिति : २०७५/०५/२० |
| बाबुको नाम : सुरेस रुम्बा लामा | बाबुको नाम : सुरेस रुम्बा लामा |
| बाजेको नाम : जीत बहादुर रुम्बा | बाजेको नाम : जीत बहादुर रुम्बा |
| ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७ | ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७ |

**३. नाम : तारा देवी रुम्बा**
ना.प्र.नं. १/१६९०, जि.प्र.का. मकवानपुर, जारी मिति : २०५५/०२/२५
पतिको नाम : सुरेस रुम्बा लामा, ससुरा : जीत बहादुर रुम्बा
ठेगाना : मकवानपुर जिल्ला, फापरवारी वडा नं. ९, हाल : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७

**धितोको विवरण**
सुरेस रुम्बा लामाको नाममा मालपोत कार्यालय सिमरा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, निजगढ वडा नं. ६, नक्सा सिट नं. ६ छ स्थित कित्ता नं. १०८८ को क्षेत्रफल ०-५-१२-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६, हरिवन, सर्लाही, फोन नं. ०४६-५३००८३
निजगढ, बारा, फोन नं. ०५३-५४०३७०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# गाउँब्लक क्षेत्रको लालपुर्जा वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-६ अन्तर्गत रहेका साबिकको मटही-गोविन्दपुर गाउँब्लक क्षेत्रका २७५ जना जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) वितरण गरिएको छ ।

नापी कार्यालय धनुषाका नापी अधिकृत निरन्जन यादवको अध्यक्षतामा वडा कार्यालयको प्रांगणमा आयोजित एक कार्यक्रमबीच नापी कार्यालय धनुषाले गाउँब्लक क्षेत्रभित्र पर्ने जग्गाधनीहरूलाई लालपुर्जा वितरण गरेको जनाइएको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा अधिवक्ता राजकिशोर यादव तथा विशेष अतिथिका रूपमा वडा अध्यक्ष श्रीपुजन यादवको उपस्थिति रहेको थियो। वडा अध्यक्ष यादवको समन्वयमा आयोजित कार्यक्रममा नापी कार्यालयका कर्मचारी, जनप्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । नापी कार्यालयका अनुसार गाउँब्लक अन्तर्गतका २७५ जना जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गरिएको हो। वर्षौंदेखि लालपुर्जाको प्रतीक्षामा रहेका स्थानीयवासीले प्रमाणपुर्जा प्राप्त गरेपछि खुसी व्यक्त गरेका छन् ।

स्थानीय तह, नापी कार्यालय र सरोकारवाला निकायबीचको समन्वयका कारण लामो समयदेखि समाधान हुन नसकेको गाउँब्लक क्षेत्रको जग्गा व्यवस्थापन प्रक्रिया अघि बढेको भन्दै सहभागीहरूले खुसी व्यक्त गरेका छन् ।

सो कार्यक्रममा रामशंकर यादव, मुकुन्दराज झा, राजकुमार चटक, प्रदीप यादव, रामयन्द्र यादव, वालेश्वर साहसजित पूर्वे, चन्द्रदीप कुमार भादव, प्रदीप कुमार पण्डित, सीताशरण यादव, रमेश यादव, बैजू यादव, , अमित कुमार मण्डल, रामदुलार साह र रामलखन यादवलगायत स्थानीय अगुवा तथा जग्गाधनीहरूको उपस्थिति रहेको थियो ।

# मापदण्ड विपरित कर्मचारी भर्ना, तलबमा करोडौं खर्च

उपमहानगरपालिकाले मधेश प्रदेशको स्थानीय सेवाको (गठन तथा संचालन) ऐन विपरित करारतर्फ २६८ र ज्यालादारी तर्फ समेतका कर्मचारीमा १० करोड ११ लाख ९३ हजार रुपैया खर्च गरेको छ । पालिकाको आन्तरिक आयबाट करार तथा ज्यालादारी कर्मचारीको तलब खर्च गरिएको छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले कानुनी मापदण्ड प्रक्रिया विपरीत करार तथा ज्यालादारी कर्मचारी नियुक्ति गरेको गरेर तलब वितरण गरेको ठहर गरिएको छ ।

महालेखा परिक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा प्रदेश किताबखानामा पद दर्ता नगरी करोडौं रुपैयाँ तलब-ज्याला खर्च गरेको, तलबी प्रतिवेदन पारित नगराई कर्मचारीलाई तलब भुक्तानी गरेको तथा दरबन्दीभन्दा बढी कर्मचारी राखी लाखौं रुपैयाँ खर्च गर्नु गलत रहेको भनेको छ ।

प्रतिवेदनले उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन र वित्तीय अनुशासनमा गम्भीर कमजोरी देखिएको औंल्याएको छ । प्रतिवेदनको दफा २४.२ अनुसार मधेश प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ८ मा गाउँ वा नगर कार्यपालिकाको सिफारिसमा गाउँसभा वा नगरसभाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दीका आधारमा मात्रै कर्मचारी पदपूर्ति गर्न सकिने व्यवस्था छ । साथै स्वीकृत संगठन संरचना अनुसार तीन महिनाभित्र प्रदेश किताबखानामा पद दर्ता गरी सेवा, समूह, उपसमूह र तहसमेत खुलाउनुपर्ने कानुनी प्रावधान रहेको छ।

तर जनकपुरधाम उपमहानगरपालिकाले सवारी चालक, कार्यालय सहयोगी, पशु सेवा, नगर प्रहरी, प्लम्बर, इलेक्ट्रिसियन, माली, सरसफाइ कर्मचारीलगायतका विभिन्न पदमा आवश्यकता र औचित्य पुष्टि नगरी दैनिक ज्यालादारी तथा करारमा कर्मचारी नियुक्त गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उपमहानगरपालिकाले मधेश प्रदेशको स्थानीय सेवाको (गठन तथा संचालन) ऐन विपरित करारतर्फ २६८ र ज्यालादारी तर्फ समेतका कर्मचारीमा १० करोड ११ लाख ९३ हजार रुपैया खर्च गरेको छ । पालिकाको आन्तरिक आयबाट करार तथा ज्यालादारी कर्मचारीको तलब खर्च गरिएको छ। आन्तरिक आय न्यून रहेको अवस्थामा अधिक संख्यामा कर्मचारी राखेर तलबमा खर्चिनु मनासिब नरहेको प्रतिवेदनमा भनिएको छ ।



यसको साथै कुनैपनि कर्मचारीलाई तलब वितरण गर्दा तलबी प्रतिवेदन पारित गराई मात्र गर्नुपर्नेमा उपमहानगरपालिकाले सो प्रतिवेदन पारित नै नगराई ११८ कर्मचारीलाई सोझै तलब वितरण गरेका छ्न । मधेश प्रदेश स्थानीय सेवाको (गठन सञ्चालन) ऐन, २०८१ को दफा ४४ (४) मा त्यस्ता तलब असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्रतिवेदनमा उल्लेख भए अनुसार तलवी प्रतिवेदन पारित नगरी ११८ जना कर्मचारीहरुलाई ७ करोड ५६ लाख ५६ हजार ४१९ रुपैया भुक्तानी गरिएको छ । यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गर्दा तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन नसकेकाले कर्मचारी नियुक्ति तथा तलब-ज्याला खर्चलाई आवश्यक, औचित्यपूर्ण र मितव्ययी बनाउन सुझाव दिएको छ।

प्रदेश किताबखाना गठन भई कार्य प्रारम्भ नभएसम्म पनि प्रचलित कानुनअनुसार तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था हुँदाहुँदै उपमहानगरपालिकाले प्रक्रिया पूरा नगरी तलब वितरण गरेको प्रतिवेदनमा उल्लेख छ ।

उपमहानगरपालिकामा दरबन्दी व्यवस्थापनसम्बन्धी अर्को गम्भीर विषय पनि उजागर भएको छ। प्रतिवेदनको दफा १७.४ अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम दरबन्दीभन्दा बढी कर्मचारी राख्न नमिल्ने व्यवस्था हुँदाहुँदै जनकपुरधाम उपमहानगरपालिकाले ८ जना बढी कर्मचारी राखी फिजुल रुपमा तलब-भत्ताको नाममा रकम खर्च गरेको छ ।

प्रतिवेदनअनुसार बढी राखिएका कर्मचारीहरूमा दिप नारायण यादव, कल्याणी साह, अर्चना कुमारी पाठक, दिपेश कुमार यादव, अनिल कुमार साह, रामपुजन साह, ममता मण्डल र नितु कुमारी गामी रहेका छन् । उनीहरूलाई तलब भत्ताको नाममा ४४ लाख १९ हजार ५३० रुपैया भुक्तानी गरिएको छ ।

लेखापरीक्षण प्रतिवेदनले जनकपुरधाम उपमहानगरपालिकामा कर्मचारी भर्ना, दरबन्दी व्यवस्थापन, तलब भुक्तानी तथा वित्तीय अनुशासनका विषयमा गम्भीर प्रश्न उठाएको छ । कानुनविपरीत कर्मचारी नियुक्ति, पद दर्ता नगरी करोडौं रुपैयाँ खर्च, तलबी प्रतिवेदन बिना तलब वितरण तथा दरबन्दीभन्दा बढी कर्मचारी राखिएको विषयले स्थानीय तहमा सुशासन र सार्वजनिक खर्चको पारदर्शितामाथि प्रश्न खडा गरेको छ ।

अनुगमन तथा भ्रमणको नाममा ४० लाख रुपैया खर्च गरेको छ । भ्रमण अभिलेख नराखिकनै सो रकम खर्च गरिएको महालेखाले भनेका छ । केहीमा भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन तथ्यपरक रहेको अधिकांश भ्रमण स्पष्ट प्रयोजन तथा उद्देश्य बेगर रहेको तथा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको प्रतिवेदनमा भनिएको छ ।

स्पष्ट प्रयोजन बेगर पालिका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेकाले कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने भनिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको आय र व्यय गरी रु. ३ अर्ब ९३ करोड २५ लाख ०३ हजारको लेखापरीक्षणबाट रु. ५ करोड ५४ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु ८८ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९५ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ०७ लाख २४ हजार र पेश्की बाँकी रु. १ करोड ६२ लाख ८६ हजार गरी जम्मा रु. ५ करोड ५४ लाख ७२ हजार बाँकी रहेको छ ।

गत वर्षसम्म कायम बेरुजू रु. रु. १ अर्ब ०१ करोड ८६ लाख ५८ हजार मध्ये रु. ० फस्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. १ अर्ब ०७ ०७ करोड करोड ४१ लाख ३० हजार बाकी रहेको छ ।

# बजार खाली गर्न समय दिन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका ७ जिरो माइलस्थित थोक फलफूल व्यवसायीहरुले जग्गा खाली गर्न दुई महिना समय दिनुपर्ने माग गरेका छन् ।

लामो समयदेखि जग्गा धनीसँग विवाद हुँदै आएको सो जग्गा बारे पुनरावेदन अदालत जनकपुरको आदेशपछि खाली गराउने प्रक्रिया शुरु भएपछि फलफूल व्यवसायी तथा तरकारी संघले नयाँ जग्गा व्यवस्थापनमा केही समय लाग्न सक्ने भएकाले दुई महिना समयका लागि सरोकारवाला निकायले पहल गरिदिन आग्रह गरे ।

संघले मंगलवार एक पत्रकार सम्मेलन आयोजना गरी व्यवसायीहरुले अदालतको आदेशलाई सम्मान गर्दछु आफूरु स्वस्फूर्त रूपमा बजार छाड्ने तयारीमा जुटेतापनि अहिले आँप व्यवसायको सिजन रहेकाले व्यवस्थापनका लागि केही समय दिनुपर्ने भने ।

संघका महासचिव भूवनेश्वर पुर्वेले भने अदालतको आदेश आए लगतै प्रहरीको सहयोगमा डोजरले बजार बन्द गराउने बाटोमै खाल्डो खन्ने र बजारको शौचालय भत्काइएको गुनासो गरे ।



'हामी अदालतको आदेशलाई पूर्ण रूपमा सम्मान गर्छौं । तर, बजार खाली गरिसकेपछि व्यवसाय कहाँ सञ्चालन गर्ने भन्ने विषयमा कुनै स्पष्ट योजना छैन,'पूर्वेले भने, ' पटकपटक प्रमुख जिल्ला अधिकारी, स्थानीय तह, जनप्रतिनिधि तथा अन्य सरोकारवाला निकायसँग सुरक्षित निकास र वैकल्पिक व्यवस्थाको माग गर्दा पनि सुनुवाइ भएन । उल्टै पर्याप्त समय र औपचारिक जानकारी नदिई डोजर लगाएर संरचना भत्काउने प्रयास गरियो । यसले व्यवसायीहरूलाई आन्दोलनमा जान बाध्य बनाएको हो ।'

उनले फलफूल तथा तरकारीको थोक व्यापार निजी व्यवसाय मात्र नभई कृषि उत्पादनको वितरण प्रणालीसँग प्रत्यक्ष जोडिएको र करीब दुई हजार व्यक्तिको रोजगार जोडिएको महत्वपूर्ण क्षेत्र भएको बताए ।

पत्रकार सम्मेलनमा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पनि व्यवसायीहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै बजार व्यवस्थापनको दीर्घकालीन समाधान आवश्यक रहेको बताए । उनले अदालतको आदेश कार्यान्वयन हुनुपर्ने भए पनि त्यसको कार्यान्वयनका क्रममा मानवीय पक्षलाई बेवास्ता गर्न नहुने बताए ।

'कानुनी शासनको सम्मान सबैले गर्नुपर्छ । अदालतको आदेश पालना हुनु आवश्यक छ । तर, त्यसको नाममा वर्षौंदेखि व्यवसाय गर्दै आएका व्यवसायीलाई वैकल्पिक व्यवस्था बिना सडकमा ल्याउनु उपयुक्त हुँदैन,'उनले भने ।

उनले व्यवसायी, मजदुर, ढुवानी व्यवसायी तथा कृषक सबैको हितलाई ध्यानमा राखेर समाधान खोज्न आग्रह गरे । 'थोक बजार बन्द हुँदा त्यसको प्रभाव व्यवसायीमा मात्र पर्दैन । किसानदेखि उपभोक्तासम्म सम्पूर्ण आपूर्ति प्रणाली प्रभावित हुन्छ,'उनले भने ।

अदालतको आदेशपछि बजार खाली गर्ने प्रक्रिया अगाडि बढिरहेको अवस्थामा व्यवसायीहरूको व्यवस्थापन कसरी गरिन्छ भन्ने विषय अहिले जनकपुरधामको प्रमुख आर्थिक र सामाजिक चासोको विषय बनेको छ । व्यवसायीहरूले आफूहरू कानुनी निर्णयको सम्मानमा रहेको स्पष्ट पार्दै सम्मानजनक पुनर्स्थापनाको व्यवस्था हुनुपर्नेमा जोड दिएका छन् ।

# सडक विस्तार रोक्न माग गर्दै प्रदर्शन

**टुडे समाचादाता**

काठमाण्डू । वीरगञ्जको मुख्य सडक मेनरोड विस्तार कार्य रोक्न माग गर्दै स्थानीयवासीले मंगलबार काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेका छन् ।

'विकासको नाममा विनाश गर्न पाइँदैन' भन्दै प्रदर्शनकारीहरूले सडक विस्तारका क्रममा घर तथा व्यवसायिक संरचना भत्काउने कार्य तत्काल रोक्न र तथाकथित 'डोजर आतंक' अन्त्य गर्न माग गरेका गर्दै प्रदर्शनमा उत्रेका हुन् ।

प्रदर्शनका क्रममा उनीहरूले वीरगञ्जको मेनरोडलाई शहरी मार्गका रूपमा कायम गर्नुपर्ने, सर्वोच्च अदालतले पीडितलाई न्याय दिनुपर्ने तथा सडक विस्तारका नाममा नागरिकको उठीबास लगाउन नहुने भन्दै नाराबाजी गरेका थिए ।

वीरगञ्ज सडक पीडित संघर्ष समितिका संयोजक कुन्दन रौनियारले कानुनी प्रक्रिया पूरा गरी दशकौंअघि निर्माण गरिएका घर तथा व्यवसायिक संरचना भत्काउने तयारीले हजारौं परिवार प्रभावित हुने दाबी गरे। उनले उचित मुआब्जाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको लामो समय बितिसक्दा पनि सुनुवाइ हुन नसकेको गुनासो गरे ।




रौनियारले वीरगञ्जको मेनरोडलाई शहरी मार्गका रूपमा कायम गरी स्थानीयवासीको अधिकार र जीविकोपार्जनको संरक्षण गर्न सरकारसँग माग गरेका छन् । सडक विस्तार योजनालाई लिएर प्रभावित स्थानीय र सरोकारवाला निकायबीच विवाद बढिरहेका बेला पीडित पक्षले आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी समेत दिएका छन् ।

# जग्गाधनी पुर्जा माग गर्दै रिले अनशन

**टुडे समाचारदाता**

राजविराज । गत नौ दिनदेखि राजविराज नगरपालिका कार्यालयभित्र जग्गाधनी पुर्जाको माग गर्दै रिले अनशनमा बस्दै आएका नगरवासीले सोमबार कार्यालयमा तालाबन्दी गरेका छन् । जग्गाधनी पुर्जा पाउनुपर्ने मागसहित नगरपालिका क्षेत्रमा प्रदर्शन गर्दै नगरपालिका कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन् ।

यसअघि सरोकारवाला निकायलाई बुझाइएको सातदिने अल्टिमेटमउपर सुनुवाइ नभएपछि कार्यालयमा तालाबन्दी गर्नु परेको नगरवासीका तर्फबाट गठित जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिएका छ्न ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा सोमवार बसेको बैठकमा माग सम्बोधन गर्ने विषयमा गम्भीर नदेखिएकाले बैठक बहिष्कार गरी नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको संयोजक दासले बताएका छ्न ।





प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, नापी कार्यालयका प्रमुख शत्रुधन यादव, भूमि व्यवस्था तथा मालपोत कार्यालयका निमित्त प्रमुख अजय झा, डिभिजन वन कार्यालयका प्रमुख पंकजकुमार मिश्र तथा आन्दोलन परिचालन समितिका पदाधिकारीसहित बैठक बसेको थियो ।

मंगलबार बस्ने जनआन्दोलन परिचालन समितिको बृहत् बैठकले आन्दोलनका थप सशक्त कार्यक्रम घोषणा गर्ने उहाँको भनाइ छ । समितिले गत वैशाख २४ गते जग्गाधनी पुर्जाविहीन नगरका पाँच हजार दुई सय परिवारलाई जग्गाधनी पुर्जा प्रदान गर्नुपर्ने माग अघि सार्दै प्रजिअ पोखरेल, नापी कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय र राजविराज नगरपालिका कार्यालयलाई सातदिने अल्टिमेटमसहितको ध्यानाकर्षणपत्र बुझाएको थियो । समयसीमा सकिएपछि सरोकारवाला निकायले सक्रियता नदेखाएको भन्दै रिले अनशनपश्चात् नगरवासीले तालाबन्दी गरेको हो ।

राजविराजको ७० बिघा क्षेत्रफलमा राजविराज नगरको स्थापनाकालदेखि नै बसोबास गर्दै आएका पाँच हजारभन्दा बढी परिवारले हालसम्म जग्गाधनी पुर्जा पाउन सकेका छैनन् । जग्गाधनी पुर्जा पाउन नसकेर समस्या परेका बेला नगरपालिकाबाट पाएको रसिदकै आधारमा बैंक तथा वित्तीय संस्थामा उक्त जग्गा धितो राखी पाउँदै गरेको ऋण सुविधा पनि आठ वर्षदेखि रोकिँदा नगरवासीलाई झनै समस्या भएको छ ।

नगरपालिका स्थापना भएको २०१६ सालदेखि २०७५ सम्म उक्त जग्गाको खरिद बिक्री हुँदै आएको, अंशबन्डा, रजिस्ट्रेसन पास तथा बैङ्कमा धितो राखी ऋण पाउने गरेको थियो । राजविराज नगरपालिकाको मिति २०८२ कात्तिक २८ गते बसेको नगर परिषद्को बैठकले समेत जग्गाधनी पुर्जा प्रदान गर्न नापी कार्यालयलाई सिफारिस गरेको थियो ।

# करेन्ट लागेर एकको मृत्यु



**टुडे समाचारदाता**

वीरगञ्ज । रौतहटको देवाही गोनाही नगरपालिका-४ मा करेन्ट लागेर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा वडा नम्बर-४ नदिपारी टोल निवासी बिजेन्द्र पटेलकी १२ वर्षीया छोरी वर्षा कुमारी पटेल रहेको प्रहरीले जनाएको छ ।

मंगलबार बिहान आफ्नै घरको धारामा नुहाउने क्रममा उनलाई करेन्ट लागेको थियो । प्रहरीका अनुसार धारासँग जडान गरिएको मोटरको विद्युत् लाइनबाट करेन्ट लागेपछि गम्भीर घाइते भएकी वर्षालाई उपचारका लागि सुकदेव चोकस्थित नेपाल तराई सिटी अस्पताल लगिएको थियो ।

तर, अस्पतालमा चिकित्सकले जाँचका क्रममा उनलाई मृत घोषणा गरेका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेबसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैकिंग प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिषामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पूर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैकिंङ माध्यमको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८